## विशेष इजलास

१

**मा.न्या. श्री कल्याण श्रेष्ठ, मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय र मा. न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६७-WS-००२२, उत्प्रेषण समेत, *रमा पन्त खरेल समेत वि. कानून तथा न्याय मन्त्रालय समेत*

संरक्षकलाई सम्बन्धित व्यक्तिको हित अहितको विचार गर्ने व्यक्तिको रूपमा हाम्रो कानूनले जिम्मेवार मान्नुका पछाडि नेपाली समाजको पारिवारिक संरचना र सोसँग अन्योन्याश्रित सामाजिक तथा सांस्कृतिक मूल्य मान्यताहरू रहेको देखिन्छ। संयुक्त परिवार प्रथा नेपाली समाजको परम्परागत विशेषताको रूपमा रहेको छ। संयुक्त पारिवारिक संरचनामा संरक्षकको अभिभावकत्वको महत्वपूर्ण भूमिका रहने गर्दछ। संरक्षकको अभिभावकत्वलाई पारिवारिक अनुशासनको रूपमा लिने गरिन्छ। परिवारका प्रत्येक सदस्यको हित अहितको बारेमा विचार गर्ने अधिकार संरक्षकले राख्ने।

जुनसुकै अवस्थामा पनि जहाँ जहाँ विवाहको प्रसंग आउँछ त्यहाँ कानूनले सम्बन्धित जोडीहरूको स्वतन्त्रता र पूर्ण पारस्परिक सहमतिलाई पहिलो पूर्वशर्तको रूपमा मानेकै हुन्छ। त्यसकारण १८ वर्ष उमेर पुगेका महिला वा पुरूषको विवाहको सन्दर्भमा पनि उनीहरूको पूर्ण सहमति र स्वतन्त्रता नै पूर्वशर्तको रूपमा रहन्छ र त्यसपछि मात्र संरक्षकको मञ्जूरी वा सहमतिको प्रसंग आउने हुन्छ। त्यसैले संरक्षकको मञ्जूरी आवश्यक हुने भन्ने विहावारीको २ नं. को प्रावधान सम्बन्धित जोडीहरूको अहितमा प्रयोग हुने प्रावधान हो र सो प्रावधान उनीहरूको स्वतन्त्रता र सहमतिलाई प्रतिस्थापन गर्नेतर्फ मात्रै परिलक्षित छ भन्ने खालको पूर्वाग्रही र नकारात्मक धारणा बनाई उक्त प्रावधानको संवैधानिकताको परीक्षण गर्नु युक्तिसंगत देखिँदैन। बिहाबारीको २ नं.को उक्त प्रावधानले मेरो विवाह गर्ने र जीवनसाथी चुन्ने हकमा आघात पर्‍यो भनी पीडित व्यक्ति अदालतमा आएको अवस्था पनि यो होइन र त्यस्तो अवस्था पनि बिहाबारीको सोही २ नं. ले पीडित व्यक्तिलाई उपचारको मार्ग प्रशस्त गरेकै देखिने।

बिहाबारीको २ नं. ले विवाह गर्ने उमेरको सम्बन्धमा महिला र पुरूषका लागि छुट्टाछुट्टै उमेर निर्धारण गरेको देखिँदैन। महिला र पुरूष दुबैका लागि २० वर्षको उमेरलाई विवाहयोग्य उमेरको रूपमा निर्धारण गरी संरक्षकको मञ्जूरी भएमा १८ वर्षमै पनि विवाह हुनसक्ने प्रावधान रहेको देखिँदा त्यसले महिला र पुरूषका बीचमा भेदभावपूर्ण व्यवहार गरेको र संविधानको धारा १३(१) द्वारा प्रदत्त कानूनको समान संरक्षणको हकलाई कुण्ठित तुल्याएको भन्ने देखिन नआउने।

नेपालमा विवाहयोग्य उमेर २० वर्ष निर्धारण गरी संरक्षकको मञ्जूरी भएमा १८ वर्षको उमेरमा पनि विवाह गर्न सक्ने गरी विहावारीको २ नं. ले दिएको छूटले त्यस्ता महिला वा पुरूषको जीवनसाथी छनौट गर्ने स्वतन्त्रतामा तेस्रो पक्षको हस्तक्षेपलाई कानूनले स्वीकार गरेको भन्न मिल्ने देखिँदैन। जुनसुकै उमेर र अवस्थामा पनि विवाह गर्दा संरक्षकको मञ्जूरी आवश्यक पर्ने गरी कानूनले शर्तबन्देज गरेको भए निवेदकको जिकीर विचारणीय हुनसक्थ्यो तर प्रस्तुत विवादमा त्यस्तो अवस्था एकातर्फ विद्यमान रहेको छैन भने अर्कोतर्फ संरक्षकको मञ्जूरी चाहिने भन्ने बिहावारीको २ नं. को प्रावधानले विवाह गर्न इच्छुक सम्बन्धित महिला र पुरूषको पारस्परिक सहमतिमा स्वतन्त्रतापूर्वक आफ्नो जीवनसाथी छान्ने हकलाई प्रतिस्थापन नगरेको।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य
कम्प्युटरः मुकुन्द विष्ट
इति संवत् २०६८ साल बैशाख २९ गते रोज ५ शुभम्।

## पूर्ण इजलास

१

**मा.न्या. श्री रामकुमार प्रसाद शाह, मा. न्या. श्री सुशीला कार्की र मा. न्या. श्री प्रकाश वस्ती,** दे.पु.नं. ०६५-NF-०३२, अंश नामसारी, *सत्यनारायण कर्ण समेत वि.इन्द्रमुखीदेवी कर्ण समेत*

नाता नै अस्वीकार गरिएको अवस्थामा मानो छुट्टिएको मितिका बारेमा प्रतिक्रिया जनाउन सम्भव नहुने भएकाले अन्यथा अभिप्राय देखिएमा बाहेक घर छाडी गएको मितिका बारेमा मौन रहनुलाई मानो

छुट्टिएको मितिका बारेमा असहमतिका रुपमा मूल्याङ्कन गर्न मिल्दैन । यस्तो अवस्थामा पनि फिराद परेको दिनलाई मानो छुट्टिएको मिति कायम गर्नु कानूनसंगत नहुने ।

नाता कायम भए पनि कुनै व्यक्ति कसैको अंशियार नठहर्न सक्छ । अंशबण्डा हुन सम्पत्तिको प्रकृतिको विश्लेषण गरेर मात्र बण्डा हुने वा नहुने निष्कर्ष निकाल्नु पर्ने हुन्छ । सम्पत्तिको विश्लेषण गरिने आधार नै पक्षहरूबाट प्राप्त हुने तायदाती मान्नु पर्ने ।

तायदाती अंशबण्डा गरिदिन पर्ने हो वा होइन र अंशबण्डा गरिदिन पर्ने स्थिति छ भने कुन कुन सम्पत्ति बण्डा गरिदिन पर्ने हो भन्ने निष्कर्ष निकाल्न न्यायकर्तालाई सघाउ पुऱ्याउने कार्यविधिगत एउटा चरण मात्र भएकाले तायदाती पछि सोमा उल्लिखित प्रत्येक सम्पत्ति पूर्वजका नामबाट आएका पैतृक वा सो सम्पत्तिबाट बढे बढाइएका हुन् वा होइनन् तथा कुनै सम्पत्ति कसैले निजी भन्दछ भने त्यसको स्रोत र आर्जनका माध्यमका बारेमा प्रामाणिक विश्लेषण गर्दै अदालतले न्यायिक निर्णय लिनुपर्ने ।

आर्जनमा आफ्नो कुनै सहभागिता नै नरहेको सम्पत्ति अंशबण्डाको रूपमा दुई भागको एक भाग पाउनु पर्छ भन्न न्यायसंगत नहुने ।

नाता वा सम्बन्धका बारेमा कुनै कुरा व्यक्त गर्ने व्यक्ति विवादित नाता सम्बन्धका बारेमा वा त्यस्तो नातासम्बन्धी पुस्तेवारी वा वंशवृक्षका बारेमा विशेष रुपमा जानकारी भएको हुनुपर्ने हुँदा विशेष जानकारी राख्ने स्थितिमा नरहेको व्यक्तिले उक्त नाता वा सम्बन्धको विषयमा वास्तविक र सही कुरा व्यक्त गर्न नसक्ने हुँदा निजको भनाई सो नाता वा सम्बन्ध यकीन गर्न प्रमाणयोग्य हुन नसक्ने ।

नाता सम्बन्धमा विवाद सिर्जना भइसकेपछि सो विषयमा साधिकार न्यायिक निकायबाट निश्चित् निष्कर्ष नआउँदै अन्य कुनै निकाय वा पदाधिकारीले त्यस्तो नाता सम्बन्धको विषयमा गरिदिएको सिफारिश वा उपलब्ध गराएको नाता प्रमाणपत्रले त्यस्तो नाता सम्बन्ध स्थापित गर्न कुनै प्रामाणिक भूमिका खेल्न नसक्ने ।

प्रमाण भन्ने कुरा जहिले पनि स्वाभाविक देखिनु पर्दछ । मुद्दा परेपछि त्यसलाई भरथेग गर्न सिर्जित कागजातले कुनै मूल्य राख्दैनन् । नाताको विषयमा विवाद उत्पन्न भएपछि तयार भएका त्यस प्रकारका कागजातहरूलाई अदालतले प्रमाणको रुपमा लिई ग्रहण गर्ने हो भने नातासम्बन्धको विवादित प्रश्न अन्ततः अदालतभन्दा बाहिरका अन्य निकाय वा पदाधिकारीको निर्णयबाट प्रभावित हुन पुग्दछ, जुन न्यायको मान्य सिद्धान्तप्रतिकूल हुने ।

अंशमा दावी गर्ने अंशियार नाता सम्बन्धभित्रको व्यक्ति हो भन्ने नै निर्विवाद रुपमा स्थापित हुन नसकेको, कुनै पैतृक सम्पत्ति नरहेको, वादी प्रतिवादीसँग साथमा नरहेको, मानो छुट्टिएपछि प्रतिवादी पक्षका नाममा आएका सम्पत्ति आर्जनमा परोक्ष समेत सहभागिता नरहेको अवस्थामा अंश दिलाई दिने कार्य कानून तथा न्यायसंगत नहुने ।

इजलास अधिकृतः विदुर कोइराला

इति संवत् २०६८ साल जेठ २६ गते रोज ५ शुभम् ।

## संयुक्त इजलास

१

**स.प्र.न्या. श्री खिलराज रेग्मी र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** दे.पु.नं. २०६७-CI-०६७७, मोही लगत कट्टा, *सुशीला राजवंशी वि. अगनलाल राजवंशी*

एउटै कित्ताको केही जग्गामा मोही लगत नहुने भनी निर्णय गर्ने र सोही कित्ताको बाँकी जग्गामा मोही लगत कट्टा हुने वा नहुने भन्ने सम्बन्धमा केही नबोली गरेको निर्णयमा अ.बं. १९२ नं. को त्रुटि भएको देखिने ।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य

कम्प्युटरः मुकुन्द विष्ट

इति संवत् २०६८ साल जेठ १३ गते रोज ६ शुभम् ।

- यसै लगाउको दे.पु.नं. २०६७-CI-०६७८, मोही नामसारी, *सुशीला राजवंशी वि. अगनलाल राजवंशी* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

२

**स.का.मु.प्र.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री गिरीश चन्द्र लाल,** २०५९ सालको दे.पु.नं. ९०७३, घरबाट उठाई चलन चलाई पाऊँ, *राजुभाइ महर्जन, वि.मु.स. गर्ने त्रिरत्न शाक्य समेत*

विवादको विषयवस्तुका सम्बन्धमा भएको पछिल्लो विकासक्रमबाट प्रस्तुत मुद्दामा नयाँ तथ्यगत

एवं कानूनी प्रश्नहरू समेत जोडिन पुगेको देखिएको अवस्था हुँदा प्रस्तुत मुद्दालाई मात्र छुट्टयाई निर्णय गर्दा पछि विकसित उपरोक्त घटनाक्रम तथा काम कारवाहीहरूको वैधतासम्बन्धी प्रश्नमा असर पर्न सक्ने देखिन आएको छ। यस्तो अवस्थामा प्रस्तुत मुद्दा र प्रस्तुत मुद्दासँग सम्बन्धित देखिई काठमाडौं जिल्ला अदालतमा मुल्तवी रहेका निर्णय दर्ता बदर, गुठी धर्मलोप र लिखत बदर समेतका मुद्दाहरू एकैसाथ राखी पछि विकसित भएका उपरोक्त कामकारवाही र घटनाक्रम समेतका समग्र विषयमा एकैचोटी कानूनबमोजिम निर्णय गर्नु आवश्यक देखिएकोले प्रस्तुत मुद्दामा काठमाडौं जिल्ला अदालतबाट मिति २०३८।१२।१८ मा भएको फैसला र पुनरावेदन अदालतबाट मिति २०५९।८।२३ मा भएको फैसला समेत बदर गरी दिएको छ। अब मुल्तवी रहेका उपरोक्त मुद्दाहरू समेत जगाई प्रस्तुत मुद्दा समेत साथै राखी निर्णय गर्नुपर्ने देखिएका सबै प्रश्नहरूमा जे जो बुझ्नुपर्छ बुझी कानूनबमोजिम एकै पटक ठहर निर्णय गर्नु पर्ने।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य
कम्प्युटरः मुकुन्द विष्ट
संवत् २०६८ साल जेठ २९ गते रोज १ शुभम्।

## इजलास नं. १

१

**मा.न्या. श्री बलराम के.सी. र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** २०६४ सालको WO-नं. ०४५४, उत्प्रेषण समेत, *डिल्लीप्रसाद खरेल वि. जिल्ला प्रशासन कार्यालय, झापा समेत*

निवेदक कम्पनी मिति २०६२।४।१३ मा प्राइम मार्केटिङ्ग प्रा.लि. का नाममा कम्पनी ऐन, २०५३ बमोजिम प्राइभेट लिमिटेड कम्पनीको रूपमा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको देखिन्छ। पछि आफ्नो नाम प्राइम नेपाल भनी परिवर्तन गरेको देखिन्छ। कम्पनी दर्ता गर्दा जारी गरिएको प्रमाणपत्रमा कम्पनी दर्तालाई मात्र कम्पनीको उद्देश्य कार्यान्वयन गर्ने इजाजत प्रदान गरिएको नमानिने हुनाले कानूनअनुसार लिनुपर्ने अनुमति सम्बन्धित निकायबाट लिएर मात्र कम्पनीको उद्देश्यअनुसार कारोवार गर्नुपर्ने गरी निवेदक कम्पनीलाई शर्त उल्लेख गरेको देखिन्छ। कम्पनीको प्रवन्धपत्र हेर्दा कम्पनीको कारोवार गर्ने स्थान काठमाडौं महानगरपालिकाको वार्ड नं. ७ मा रहने र आवश्यकताअनुसार अन्य ठाउँमा शाखा कार्यालय खोल्ने र कारोवार गर्ने स्थान स्थानान्तरण गर्ने व्यहोरा उल्लेख भएको देखिन्छ। प्रस्तुत निवेदनमा उल्लिखित झापा जिल्लामा कारोवार गर्ने गरी निवेदक कम्पनीले सम्बन्धित निकायबाट स्वीकृति प्राप्त गरेको देखिँदैन भने प्रवन्धपत्रमा पनि कारोवार गर्ने स्थानमा झापा जिल्ला समावेश भएको देखिँदैन। निवेदक कम्पनीले के कस्ता सामान उत्पादन गरी के कसरी को को बीच Networking आधारमा सदस्य बनाई आफ्नो व्यवसाय प्रबर्द्धन गर्न सक्ने गरी कम्पनीमा आफ्नो प्रबन्धपत्र नियमावलीमा समेत व्यवस्था भए गरेको नदेखिएको अवस्थामा जिल्ला प्रशासन कार्यालयले गरेको कामकारवाही अन्यथा नदेखिने।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय
कम्प्युटरः बिपनादेवी मल्ल
इति संवत् २०६७ साल फागुन २० गते रोज ६ शुभम्।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन्:

- २०६४ सालको WO- नं. ०१९१, उत्प्रेषणयुक्त प्रतिषेधसहित परमादेश, *धनकुमार राई वि. जिल्ला प्रशासन कार्यालय, झापा समेत*
- २०६४ सालको WO- नं. ०२१२, उत्प्रेषण समेत, *धनकुमार राई वि.गृह मन्त्रालय समेत*
- २०६४ सालको WO- नं. ०३३७, उत्प्रेषणयुक्त प्रतिषेधसहित परमादेश, *धनकुमार राई वि. जिल्ला प्रशासन कार्यालय, पाँचथर फिदीम समेत*
- २०६४ सालको WO- नं. ०५५९, उत्प्रेषण समेत, *धनकुमार राई वि. जल्ला प्रशासन कार्यालय, कास्की समेत*
- २०६४ सालको WO- नं. ०५६०, उत्प्रेषण समेत, *धनकुमार राई वि. श्री जिल्ला प्रशासन कार्यालय, म्याग्दी समेत समेत*

२

**मा.न्या. श्री बलराम के.सी. र मा.न्या. श्री अवधेशकुमार यादव,** २०६४ सालको रि.नं. WO-०५०१, परमादेश, *ईश्वरी खड्का समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

लामो समय विद्यालयमा कर्मचारी भै काम गर्ने तर सेवा शर्तसम्बन्धी कानूनको अभावमा कर्मचारीको भविष्य अनिश्चित् हुन उपयुक्त हुँदैन। शिक्षा ऐन, २०२८ को दफा १९ मा सामुदायिक विद्यालयका कर्मचारीहरूको लागि नियम बनाउने व्यवस्था नभएको कारण यस अदालतले ती कर्मचारीहरूको लागि कानून बनाउन भनी आदेश गर्न नमिल्ने।

एउटै विद्यालयमा कार्यरत् रहँदा पदका आधारमा जिम्मेवारी फरक हुनु एउटा कुरा हो तर कामकै आधारमा राज्यले प्रदान गर्ने सुरक्षा तथा सेवा सुविधामा फरक हुनु स्वाभाविक देखिँदैन। यसरी सामुदायिक विद्यालयमा कार्यरत् कर्मचारीको भविष्य अन्यौल र अनिश्चित हुन नदिन तिनीहरूको सेवा सुविधा तथा शर्त उल्लेख भएको Service Law को आवश्यकता भएको हुँदा यस सम्बन्धमा के कस्तो सेवा, सुविधासहितको Service Law आवश्यक हुन्छ, अध्ययन गरी प्रतिवेदन दिनको लागि शिक्षा मन्त्रालयको सहसचिव स्तरको अधिकारीको संयोजकत्वमा अन्य सम्बद्ध दुई विज्ञ व्यक्ति समावेश भएको ३ सदस्यीय समिति गठन गरी उक्त समितिले दिएको प्रतिवेदनअनुसार कार्यान्वयन गर्नु भनी शिक्षा मन्त्रालकायको नाउँमा निर्देशनात्मक आदेश जारी हुने।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६७ साल माघ २३ गते रोज १ शुभम्।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन्:

- २०६४ सालको रि.नं. WO-०४९५, परमादेशको आदेश जारी गरिपाऊँ, *ईन्द्रबहादुर प्रजा समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय*
- २०६४ सालको रि.नं. WO-०४९६, परमादेश, *उद्धवप्रसाद न्यौपाने समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*
- २०६४ सालको रि.नं. WO-०४९८, परमादेश, *लक्ष्मण थारू समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*
- २०६४ सालको रि.नं. WO-०४९९, परमादेश, *रामदेव धोवी समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*
- २०६४ सालको रि.नं. WO-०५००, परमादेश, *राजेन्द्र श्रेष्ठ समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*
- २०६४ सालको रि.नं. WO-०५०२, परमादेश, *गणेशप्रसाद थारू समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*
- २०६४ सालको रि.नं.०६४-WO-०५०४, परमादेश, *नन्दकिशोर मण्डल समेत वि.शिक्षा तथा खेलकुद मन्त्रालय समेत समेत*
- २०६६ सालको WO-०६०९, प्रतिषेध, परमादेश, *सुशीलादेवी शर्मा समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*
- २०६६ सालको रि.नं. WO-१२८६, परमादेश, *सुशीलादेवी शर्मा समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

३

**मा.न्या. श्री बलराम के.सी. र मा.न्या. श्री अवधेशकुमार यादव,** २०६५-WO-०५०३, उत्प्रेषण, प्रतिषेध र परमादेश समेत, *गोविन्दबहादुर पौडेल समेत वि. शिक्षा तथा खेलकुद मन्त्रालय समेत*

शिक्षक र कर्मचारी भिन्नाभिन्नै वर्ग हुन्। एउटै संस्थामा काम गर्ने भए पनि उनीहरूको योग्यता कामको प्रकृति र तालिम आदिको आधारमा यिनीहरूलाई भिन्नाभिन्नै वर्गमा राख्नुपर्दछ। शिक्षक उसको योग्यताका आधारमा नियुक्त भै उसको काम बालबालिकालाई शिक्षा प्रदान गर्नु हो। तर विद्यालयका कर्मचारीको काम शिक्षा प्रदान गर्ने मूल काममा व्यवस्थापकीय दृष्टिकोणले सहजीकरण गर्ने हो। त्यसैले धारा १३ को प्रयोजनको लागि यी २ वर्ग भिन्नै र बेग्लै वर्ग हुन्। के कुन कारणबाट कसरी निवेदकहरूको संवैधानिक हक हनन् भयो भनी रिट निवेदनमा स्पष्ट रूपमा उल्लेख गर्न सकेको देखिँदैन। यसरी छुट्टै वर्गका यी कर्मचारीले शिक्षक संघ संगठनको वैधानिकता तथा कानूनी रोह रीत पुगेको छ छैन भन्ने विषयवस्तुसँग कसरी सार्थक सम्बन्ध Meaningful Ralation छ भन्ने कुरा समेत देखाउन नसकेको स्थितिमा रिट निवेदन दावीबमोजिम आदेश जारी गर्नुपर्ने नदेखिने।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय
कम्प्युटरः विपना मल्ल
इति संवत् २०६७ साल माघ २३ गते रोज १ शुभम्।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन्:

- २०६४ सालको रिट नं. WO-०४९४, परमादेशको आदेश जारी गरिपाउँ, *वीरबहादुर दमाई समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*
- २०६५ सालको रिट नं. ०६६७, उत्प्रेषण, प्रतिषेध र परमादेश, *नरेन्द्र चौधरी वि. शिक्षा मन्त्रालय, केशरमहल समेत*

४

**मा.न्या. श्री बलराम के.सी. र मा.न्या. श्री गिरीश चन्द्र लाल,** २०६६ सालको रिट नं. WO-१२२२, उत्प्रेषण, परमादेश, *जङ्गबहादुर सिँह समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

कारागार संवेदनशील स्थल हो । कारागारभित्र अनुशासन, कारागारको सुरक्षा, कारागारभित्र शान्ति र व्यवस्था आवश्यक हुन्छ । कारागारमा रहुन्जेल कैदीहरू पनि नैतिक आचरण र अनुशासनमा रहनुपर्छ । वैवाहिक जीवनमा हाम्रो कानूनले Live in Partner चिन्दैन । पारिवारिक भेटका नाममा कारागारमा रहेका कैदीहरूको आफ्नो पत्नी वा पतिसँग बाहेक अन्य व्यक्तिसँग यौन सम्पर्क राख्ने स्थल बन्न सक्तैन । त्यसैले धारा २०(२) प्रयोजनको लागि पारिवारिक भेटको हक पति पत्नी भन्ने कानूनी तवरबाट प्रमाणित व्यक्तिलाई मात्र प्राप्त हुने ।

कारागारभित्रको सुरक्षा र अनुशासन समेतमा असर नपर्ने व्यवस्थाको लागि कारागारमा के कस्ता पूर्वाधारहरू छन् वा छैनन् अध्ययन गर्नुपर्नाको साथै कारागारसम्बन्धी ऐन वा नियमावलीमा के कस्तो संशोधन गर्नुपर्ने हुन्छ यी आदि विविध विषयमा अध्ययन गर्न पनि आवश्यक देखिन्छ । त्यसरी अध्ययन गर्दा पारिवारिक भेटको सुविधा प्रदान भएको देशको व्यवस्था, पारिवारिक भेटको सुविधा उपभोग गर्नेको सुरक्षा जाँच, कारागारभित्र शान्त वातावरण कायम गर्नपर्ने, पारिवारिक भेटको सुविधाकर्ताले खानाको व्यवस्था आफैँ गर्नुपर्ने, अन्य व्यक्ति लान नपाउनेलगायत सुरक्षाको दृष्टिले कारागार प्रशासनले शर्त तोक्न सक्ने व्यवस्था समेत गर्नुपर्ने ।

कानून संशोधन गर्नपर्ने भए कानून संशोधन गरी पारिवारिक भेटको सुविधा उपलब्ध गराउन पूर्वाधारको लागि आवश्यक पर्ने स्थान उपलब्ध भएको कारागारको कैदी आफैंले पारिवारिक भेटको माग गरेमा कानूनी रूपले प्रमाणित पति पत्नीलाई मात्र स्थान उपलब्ध कारागारमा सो सुविधा उपलब्ध गराउनु । समितिको अध्ययन प्रतिवेदनबाट निवेदक थुनामा रहेको कारागारमा पारिवारिक भेटको लागि आवश्यक पूर्वाधार उपलब्ध हुन सक्ने रहेछ भने निवेदकद्वयले पनि स्वतः पारिवारिक भेटको सुविधा प्राप्त गर्न सक्ने हुँदा यसमा छुट्टै थप आदेश गरिरहन नपर्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६७ साल चैत २८ गते रोज २ शुभम् ।

५

**मा.न्या. श्री बलराम के.सी. र मा.न्या. श्री वैद्यनाथ उपाध्याय,** २०६६ सालको रिट नं. WO-०१०१, उत्प्रेषण समेत, *टेकबहादुर मिधुन वि. युवराज भट्टराई समेत*

ऐनमा स्पष्ट रूपमा जायजात गर्दा धन खाने बाह्र वर्ष माथिको व्यक्तिको सम्पत्तिबाट समेत ऋण असूलउपर गर्नसक्ने व्यवस्था गरेको देख्दादेख्दै धन खाँदा वा ऋण लिदा वा कारोवार गर्दाको समयमा १२ वर्षमाथिको हुनुपर्ने भन्ने अर्थ गरी पदमराज भट्टराई कारोवार हुँदा १२ वर्ष मुनिको देखिँदा निजको अंश भाग लिलाम गरेको तहसिलदारको कार्य त्रुटिपूर्ण छ भनी तहसीलदारको आदेश बदर गर्ने गरेको जिल्ला अदालतको आदेश र सो आदेश सदर गरेको पुनरावेदन अदलतको आदेश कानूनको भावना र मर्मअनुसार भए गरेको नदेखिने ।

दुनियाँको बिगो भरिभराउ गर्ने क्रममा सम्पत्ति जायजात तायदात लिलाम गर्दा १२ वर्ष माथिको व्यक्तिको अंश जायजात तायदात गर्नुपर्छ भन्ने दण्ड सजायको २६ नं. मा व्यवस्था भएको सो व्यवस्था ऋण लिने वा कारोवार गर्दाका दिनमा व्यक्तिको उमेर कति छ भनी हेर्ने व्यवस्था नभई जायजात लिलाम डाँक सकार गर्दाको दिनमा उमेर गणना गर्ने व्यवस्था गरको देखिएको र जायजात गर्दाको दिनमा उमेर गणना गर्ने व्यवस्थाअनुसार जायजात गर्दाको दिनको उमेरलाई मानी पदमराज भट्टराईको उमेर १२ वर्षमाथिको हुँदा निजको अंश लिलाम गरेको तहसीलदारको काम कारवाही कानूनसम्मत् देखिने ।

इजलास अधिकृतः लीलाराज अधिकारी
कम्प्युटरः रामशरण तिमिल्सिना
इति संवत् २०६८ साल बैशाख २९ गते रोज ५ शुभम् ।

६

**मा.न्या. श्री बलराम के.सी. र मा.न्या. श्री वैद्यनाथ उपाध्याय,** २०६६ सालको रिट नं. WO-०३५०, उत्प्रेषण परमादेश, *सुरेन्द्रभूषण धौभडेल समेत वि. तुल्सीभक्त त्वायना समेत*

दुईपक्ष बीच मुद्दा चली मुद्दामा वादी प्रतिवादी नभएका तेस्रो पक्षको हक नजावस् र त्यसरी हक गएको स्थितिमा त्यस्तो फैसलालाई चुनौती दिई आफ्नो हक स्थापित गर्न पाउने व्यवस्था यस अ.बं. ८६ नं. ले गरेको स्पष्ट छ । अदालतको तह तहबाट फैसला भएको र सर्वोच्च अदालतले निस्सा प्रदान नगरेको अवस्थामा त्यस्तो फैसला र आदेशविरूद्ध अ.बं. ८६ नं. अनुरूप नालेस नलाग्ने भनी उक्त नम्बरमा कतै उल्लेख भएको देखिँदैन । दुई थरी मिली आफ्नो हक जाने गरी गराएको फैसला बदर गर्न नालेस गर्न पाउने अ.बं. ८६ नं. ले प्रदान गरेको कानूनी हकलाई कानूनले नै निषेधित वा संकुचित नगरेसम्म त्यस हकबाट बञ्चित गर्न मिल्दैन । मुद्दा तह-तह हुँदै फैसला भएको र सर्वोच्च अदालतबाट निस्सा प्राप्त नगरेको आधारबाट त्यस्तो फैसला वा आदेशलाई अ.बं. ८६ नं. अनुरूप हक जाने तेस्रो पक्षले नालेस गर्न पाउँदैन भन्ने अर्थ गर्दा उक्त अ.बं. ८६ नं. को कुनै प्रयोजन नै नहुने हुन्छ । तह-तहबाट फैसला हुनु र सर्वोच्च अदालतबाट निस्सा प्राप्त नहुनु र मुद्दा टुङ्गो लाग्ने कार्यबाट मुद्दाको पक्ष विपक्षीको अब टुङ्गो लागिसकेको विषयवस्तुमा पुन: उजूर वा नालेस गर्न नपाउने हो । तर, मुद्दाको पक्ष विपक्ष केही नहुने व्यक्तिले कुनै फैसलाबाट उसको हक गएको स्थितिमा अ.बं. ८६ नं. अनुरूप नालेस गर्न पाउने नै हुन्छ । अ.बं. ८६ नं. अनुरूप पर्ने नालेस अदालतको फैसलाविरूद्ध नै पर्ने हो । त्यो चाहे तह-तहबाट फैसला भइसकेको होस् त्यसले अ.बं. ८६ नं. को व्यवस्थालाई कुनै प्रतिकूल असर पार्दैन बरू त्यस्तो नालेस गर्ने व्यक्ति जुन फैसला विरूद्धमा गएको हो त्यसमा पक्ष विपक्षी नभएको हुनुपर्ने र उसको हकमा प्रतिकूल असर परेको हुनुपर्ने यी दुई अवस्थाको विद्यमानता भने रहनुपर्ने ।

इजलास अधिकृत: लीलाराज अधिकारी

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०६८ साल बैशाख २९ गते रोज ५ शुभम् ।

७

**मा.न्या. श्री बलराम के.सी. र मा.न्या. श्री वैद्यनाथ उपाध्याय,** २०६५ सालको रिट नं. WO-१०३८, उत्प्रेषण समेत, *विद्यानन्द राय यादव वि. लक्ष्मीदेवी समेत*

वादी किसुन राय प्रतिवादी विद्यानन्द राय भएको अंश मुद्दामा वादीले प्रतिवादीबाट २ भागको १ भाग अंश पाउने ठहरी जिल्ला अदालतबाट भएको फैसला सर्वोच्च अदालतबाट समेत सदर भै अन्तिम भएपछि कमलादेवीको मृत्यु हुँदा बाँकी ३ अंशियार बीच ३ बण्डा अंश छुट्ट्याई गरेको २०५१।२।१८ को बण्डा मुचुल्काबमोजिम आफ्नो अंश भागको जग्गा आफ्नो नाममा दर्ता दा.खा. गर्नुपर्ने जिम्मेवारी महानन्द रायको हो । त्यसै गरी सो मुद्दा र बण्डा मुचुल्काबाट छुट्ट्याएको महानन्द रायको भाग छोडी बाँकी जग्गा लक्ष्मीदेवी र विद्यानन्दबीच आधाआधा गरी बण्डा छुट्ट्याउनु पर्ने कर्तव्य अदालत, विद्यानन्द र लक्ष्मीदेवीको पनि हो । यदि महानन्द रायको भाग नछुट्ट्याई बण्डा मुचुल्का भएको छ भने त्यसबाट महानन्द रायलाई नै नोक्सान हुने हो । तहसीलदारको बण्डा मुचुल्का बदर गर्न जिल्ला न्यायाधीशसमक्ष निवेदन दिई बण्डा मुचुल्का बदर नभएपछि महानन्दले पुनरावेदन अदालतमा निवेदन नगरी सो आदेश अन्तिम भएको देखिन्छ । त्यसै गरी निवेदिका लक्ष्मीदेवीलाई सो बण्डा मुचुल्काबाट नोक्सान भएको देखिँदैन । निज स्वयं मुचुल्कामा उपस्थित भई सहीछाप गर्ने व्यक्ति भएकी र निजलाई नोक्सान भएको स्थिति पनि रहेको देखिन आएन । यस स्थितिमा निजले उजूर गर्नुपर्ने आवश्यकता पनि देखिँदैन । द.स. को ६१ नं. हेर्दा तहसीलदार कर्मचारीले गरेको काम कारवाहीमा चित्त नबुभ्नेले १५ दिनभित्र अड्डाको हाकिम छेउ उजूर गर्नुपर्ने देखिन्छ । तहसिलदारबाट बण्डा मुचुल्का मिति २०६३।१०।५ मा भएको देखिन्छ र उक्त मितिबाट १५ दिनको समयावधि व्यतीत गरी मिति २०६३।११।१६ मा निवेदन दिई अदालतमा प्रवेश गरेको देखिँदा द.स. को ६१ नं. को म्याद व्यतीत भइसकेको देखियो । यस प्रकार लक्ष्मीदेवीलाई सो मुचुल्काबाट कुनै नोक्सानी नभएको र स्वयं मुचुल्कामा बसेको म्याद नाघी निवेदन परेको तथा महानन्दको १७ नं. को निवेदनमा जिल्ला अदालतको आदेश बदर नभै कायम रहेको स्थितिमा महानन्दले मेरो अंश भागको जग्गा बण्डा गरी लिएको

बदर गरिपाऊँ भनी दा.खा. नामसारी दर्ता बदर बण्डापत्र तामेली पर्चा बदर मुद्दाको फिराद गरिसकेको अवस्थामा लक्ष्मीदेवीको निवेदनमा भएको पुनरावेदन अदालतको आदेश कानूनसम्मत् देखिन नआउने ।
इजलास अधिकृतः लीलाराज अधिकारी
कम्प्युटरः रामशरण तिमिल्सिना
इति संवत् २०६८ साल बैशाख २९ गते रोज ५ शुभम् ।

**इजलास नं. २**

१

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री अवधेशकुमार यादव,** पुनरावेदन नं. ०६६-CR-००८६, कर्तव्य ज्यान, *दानबहादुर चन्द समेत वि. नेपाल सरकार*

प्रतिवादीहरू र मृतक एकआपसमा सँगै बसी घटना वारदातको बेलुका ८ बजे वीरबहादुर चन्दको पसलमा बसी रक्सी खाएका र राति १ बजेपश्चात् पनि सँगै रक्सी खाएको प्रत्यक्षदर्शी वीरबहादुरको भनाइबाट देखिन्छ । यसबाट मृतक र प्रतिवादीहरू बीच वारदातको अवस्थाभन्दा अगाडि कुनै मनमुटाव, वैमनस्यता वा शत्रुतापूर्ण व्यवहार वा रीसइवी रहे भएको भन्ने देखिन आउँदैन । एकआपसमा रक्सी खाएको अवस्थामा विवाद उत्पन्न भई मृतकको व्यवहारबाट उत्तेजित भई प्रतिवादीहरूले कुटपीट गरेको अवस्था देखिन्छ । मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिमको मृतकको व्यवहारबाट मौकामा उठेको रिसको कारण साधारण दाउराको चिरपट र आगो फुक्ने पाइपले कुटपीट गरेको र सोही कुटपीटको चोट पीडाबाट मृतकको मृत्यु भएको देखिँदा प्रतिवादीहरूले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. अन्तर्गतको कसूर गरेको देखिने ।
इजलास अधिकृतः दीपककुमार दाहाल
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०६७ साल माघ महिना ५ गते रोज ४ शुभम् ।

२

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री सुशीला कार्की,** २०६७ सालको स.फौ.साधक नं. ००१६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. बिर्खबहादुर विश्वकर्मा*

प्रतिवादी बिर्खबहादुरको कर्तव्यबाट पदमबहादुर विश्वकर्माको मृत्यु भएको हो भन्ने तथ्य पुष्टि भैरहेको देखिँदा प्रतिवादी बिर्खबहादुर विश्वकर्मालाई ज्यानसम्बन्धीको १ नं. को कसूरमा ऐ. १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैद गरेको खोटाङ्ग जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, राजविराजको मिति २०६६।५।१० को फैसला मिलेकै देखिँदा सदर हुने ।

मुद्दाको अनुसन्धान तहकीकातमा सहयोग पुऱ्याएको अवस्था, मृतक र प्रतिवादीबीच पूर्व रिसइवी भएको नदेखिएको तथा प्रतिवादी बिर्खबहादुरको घटना घट्ने समयमा ५७ वर्ष उमेर भएको समेत अवस्थालाई हेर्दा निज प्रतिवादीलाई सर्वश्वसहित जन्मकैद गर्दा चर्को पर्ने भै १० वर्ष कैद मात्र गर्दा नै न्यायको मक्सद पूरा हुने देखिदा प्रतिवादी बिर्खबहादुर विश्वकर्मालाई अ.बं. १८८ नं. बमोजिम १० वर्ष कैद गर्ने लगाएको जिल्ला अदालतको राय सदर गरेको पुनरावेदन अदालत राजबिराजको राय मनासिब देखिँदा सदर हुने ।
इजलास अधिकृतः लीलाराज अधिकारी
कम्प्युटरः रामशरण तिमिल्सना
इति संवत् २०६८ साल असार १० गते रोज ६ शुभम् ।

३

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री सुशीला कार्की,** २०६७ सालको स.फौ.साधक नं. ००२९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. कुद्दुश गद्दी*

कानूनबमोजिम सम्बन्ध बिच्छेद नहुँदासम्म मृतक कमरूननिस्सा जाहेरवाला कुद्दुश गद्दीको पत्नी भएको मान्नु पर्दछ । प्रतिवादी कुद्दुश गद्दीले मृतकलाई पनि धर्म मात्र होइन कि मानवीय धर्मअनुसार पनि पालनपोषण र संरक्षण गर्ने दायित्व हुन्छ । जाहेरी दरखास्त व्यहोरा र मृतकको ससुरा सालिम गद्दीले अधिकार प्राप्त अधिकारीसमक्ष गरेको कागजमा पत्नी बुहारीको मृत्युमा बिस्मात व्यक्त गरेको नभै श्रीमती गाउँघरमा कहिले कसको घरमा, कहिले कसको घरमा जाने र मागी खाने गरेको भन्ने उल्लेख गरेका छन् भने ससुरा सालिमले बुहारीले म र छोरासँग झगडा गर्ने, बेसुरमा जथाभावी हिड्ने र अर्धपागल जस्तो भएको भन्ने आरोप लगाएको देखिन्छ । यसबाट पनि मृतक र घर परिवारबीच सुमधुर सम्बन्ध रहेको देखिदैन । अनुसन्धानका क्रममा सुराकी बुझी प्रतिवेदन गर्ने प्र.स.नि. रामबहादुर बस्नेतले दिएको प्रतिवेदनमा कुद्दुश गद्दी र मृतक पत्नी कमरूननिस्साबीच १, २ महिना

अगाडि झैझगडा भएको, मृतक कमरूननिस्साको सामाजिक छोडपत्रमा चित्त नबुझी घरमा बस्न देऊ भनी भन्न आउने गरेको र सोही समयमा कुद्दुशले हातपात लछार पछार गरेको भनी उल्लेख भएको र सो प्रतिवेदनअनुसार नै अदालतमा आई बकपत्र गरेको समेतबाट प्रतिवादी कुद्दुश गद्दी र निजको पत्नी कमरूननिस्साबीच झैझगडा भै घरबाट निकालेको र पटक-पटक घरमा आई बस्छु भन्ने गरेको कारण निजबाट सदाको लागि मुक्त हुन कमरून निस्साको हत्या गर्न प्रपञ्च गरिएको थियो भन्ने तथ्य माथि उल्लिखित घटनाक्रम र परिस्थितिजन्य प्रमाणबाट देखिन आउँछ । कसूर र अपराधमा सधैं र सबै अवस्थामा ठोस सबूद प्रमाण प्राप्त हुन सक्दैन । परिस्थितिजन्य प्रमाण (Circumstantial Evidence) को आधारमा पनि कसूर प्रमाणित गर्नुपर्ने ।

इजलास अधिकृतः लीलाराज अधिकारी

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६८ साल असार १० गते रोज ६ शुभम् ।

४

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री सुशीला कार्की,** २०६७ सालको स.फौ.साधक नं. ००३१, कर्तव्य ज्यान र घरमा आगो लगाएको, *नेपाल सरकार वि. भीमबहादुर विष्ट*

परिस्थितिजन्य प्रमाण र सहअभियुक्त कृष्णबहादुरको भीमबहादुरले कसूर गरेको भन्ने पोलाइ समेतबाट प्रतिवादी भीमबहादुर विष्ट समेतले मृतक बलदेव विष्टलाई घाँटी थिची लट्ठीले टाउकोमा हानी कर्तव्य गरी हत्या गरी निगालाको झाङ्गमा फाली घरमा आगो लगाएको पुष्टि हुने ।

इजलास अधिकृतः लीलाराज अधिकारी

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६८ साल असार १० गते रोज ६ शुभम् ।

५

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री सुशीला कार्की,** २०६७ सालको स.फौ.साधक नं. ००५९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. ठगु गुरुङ समेत*

एकातर्फ प्रकाश गुरुङले आगो लागेकै समयमा राजु दमैलाई दगुरी भागेको देख्नु र निजलाई सोद्धा डिपोबाट आएको भन्नुले राजु दमै वारदातमा संलग्न भएका देखिन्छन् भने अर्कातर्फ प्रतिवादी राजु दमैले लङ्खु देउरालीबाट फर्किएपछि तहाँबाट आएका हामीहरू आ-आफ्नो घरमा गएपछि ठगु गुरूङ, प्रेमबहादुर दर्जी र म समेत रक्सी भट्टीमा आयौं र त्यहाँ रक्सी पियौं । प्रेमबहादुरको स्वास्नी त्यहीं काम गर्ने हुँदा प्रेमबहादुर रघुनाथसँग रिसाइरहेका थिए । म समेत ठगु गुरुङ र प्रेमबहादुर दर्जीले रघुनाथको डिपोमा रक्सी खाइरहेको समयमा निजले हामीहरूलाई यहाँ रक्सी नखाउ घर लगेर खाउ भन्नासाथ मेरो श्रीमतीलाई राखेर इज्जत लुट्न हुने हामीले खान नहुने भनी प्रेमबहादुर दर्जीले रघुनाथमाथि हात हाल्यो । म, ठगु, प्रेम र मृतक बीच पीटपाट भयो । प्रेमबहादुर दर्जीले बलीरहेको दाउरोले टाउकोमा हान्दा रघुनाथ अँगेनामा ढल्यो । ढल्दा रघुनाथको टाउको पछाडि अगेनाको चुलाको ढुङ्गाले काट्यो । त्यसपछि ठगु र मैले पनि मुड्की मुड्कीले हान्यो । प्रेमले रघुनाथको कोठाबाट लिएको रू. ९०००।- बाट ३, ३ हजार बाँडी लियौं भनी घटनाक्रमलाई क्रमवद्ध रूपमा उल्लेख गरी राजु दमैले अदालतमा वारदात र कर्तव्य गरेको स्वीकार गरी साविती बयान गरेको देखिन्छ । वारदातको तत्काल पछि प्रतिवादी राजु दमैलाई वारदातस्थल नजिकमा देख्ने प्रकाश गुरुङ, सुमित्रा दमेनी र कृष्णकुमारी गुरुङले गरेको कागज, सिलसिलेवार घटनाक्रमको परिस्थिति र सहअभियुक्त राजु दमैको बयान समेतको आधारमा मृतक रघुनाथ साहलाई हत्या गर्ने कार्य राजु दमाई एक्लैले मात्र गरेको नभै यी प्रतिवादी ठगु गुरुङ र प्रेमबहादुर दर्जी समेत भै गरेको पुष्टि हुने ।

परिस्थितिजन्य प्रमाण समेतका आधारमा यी प्रतिवादीहरूले मृतकलाई मार्ने योजना बनाई राति सुतेको समयमा निजको घरमा गै निजलाई ढोका खोल्न लगाई बलिरहेको दाउराले टाउकोमा हिर्काई लात मुक्काले कुटी आगो लगाई भागेको हुँदा प्रतिवादीहरूको सोही कुटपीटको कारण नै मृतक रघुनाथ साहको मृत्यु हुन गएको देखिने ।

इजलास अधिकृतः लीलाराज अधिकारी

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६८ साल असार १० गते रोज ६ शुभम् ।

६

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री प्रकाश वस्ती,** २०६४ सालको स.फौ.पु.नं. २४७, गैंडा मारी खाग खरीद बिक्री, *टासी गुरुङ वि. नेपाल सरकार*

प्रतिवादी आखेटोपहारको खरीद बिक्री व्यवसाय गर्ने कानूनबमोजिमको इजाजतपत्र लिएको नदेखिएको एवं सोबमोजिमको इजाजत लिएको भनी जिकीर लिन पनि सकेको देखिँदैन । यसका अलावा प्रतिवादी कुङ्गा लामा गैडाको खागसहित पक्राउ भएको उक्त खाग यी प्रतिवादीलाई बेच्न लान भनी जाँदाको अवस्थामा पक्राउ परेको कुरा उल्लेख गरी निजको समेत संलग्नता देखाई जाहेरवाला धनबहादुर तथा बरामदी मुचुल्कामा बस्ने सुशील थापाले आफ्नो मौकाको भनाइको समर्थन गर्दै बकपत्र समेत गरेको अवस्था देखिने ।

प्रतिवादी कुङ्गा लामाले आरोपित कसूर अपराधमा आफू सावित भै यी पुनरावेदक प्रतिवादीउपर किटानी रूपमा पोल गरेको र उक्त पोल जाहेरवाला तथा बरामदी मुचुल्कामा बस्ने व्यक्तिको बकपत्रबाट पुष्टि भएको देखिँदा उक्त कसूर अपराधमा यी पुनरावेदक प्रतिवादी संलग्न रहेनछन् भनी मान्न मिलेन । त्यसकारण निजको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः कमलराज विष्ट

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६७ साल माघ १९ गते रोज ४ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- २०६४ सालको स.फौ.पु.नं. २४४, २४९, गैंडाको खाग चोरी, *बाबुलाल माझी वि. नेपाल सरकार, टासी गुरुङ वि. नेपाल सरकार*
- २०६४ सालको स.फौ.पु.नं. २४८, गैंडा मारी खाग खरीद बिक्री, *टासी गुरुङ वि. नेपाल सरकार*

७

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री कमलनारायण दास,** २०६३ सालको दे.पु.नं. ०६६०, लेनदेन, *देवबहादुर बम, वि. जनकबहादुर भण्डारी*

प्रतिवादीले तमसुक गरी दिएको सन्दर्भमा प्रतिवादीले तमसुकको लिखत गरेको छैन भनी इन्कार गरे पनि सो तथ्यलाई निजका साक्षीबाहेक अन्य कुनै सबूद प्रमाणबाट समर्थन हुन सकेको छैन । अतः वादी प्रतिवादीबीच ठेक्का बन्दोबस्त एवं लेनदेन कारोवार भएको पुष्टि भएको परिप्रेक्ष्यमा, तमसुकको लिखतमा रहेका साक्षी हर्कबहादुर चन्दले लिखत मेरो सामुन्नेमा भएको हो र देवबहादुरले नै सही गरेका हुन् भनी बकपत्र गरेबाट समेत कारोवार एवं तमसुकको कागज सही सत्य र त्यसमा भएको सहीछाप बमबहादुरकै हो, कीर्ते जालसाज होइन भन्ने देखिने ।

वादी प्रतिवादीबीच ठेक्का बन्दोबस्त भै चिनी ढुवानी गर्न रकम लेनदेन कारोवार भएका र सो कारोवारकै सन्दर्भमा सही सत्य तमसुक कागज खडा भएको भन्ने पुष्टि भएको परिप्रेक्ष्यमा प्रतिवादीले कागज गरेअनुसारको साँवा ब्याज वादीलाई बुझाउनु पर्नेमा सो रकम नबुझाएको अवस्थामा वादीले प्रतिवादीबाट साँवा ब्याज भरी पाउने ।

इजलास अधिकृतः लीलाराज अधिकारी

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६८ साल असार ६ गते रोज २ शुभम् ।

८

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री कमलनारायण दास,** २०६४ सालको दे.पु.नं. ११६९, अंश दर्ता, *दण्डकुमारी खत्री समेत वि. दीपककुमार खत्री*

पुनरावेदकीय अधिकार प्रयोग गर्दा पुनरावेदन अदालतले शुरूको फैसला सदर उल्टी वा केही उल्टी गरी फैसला गर्न र तल्लो अदालत, निकाय वा अधिकारीले गर्नुपर्ने कुरा नगरी निर्णय गरेको रहेछ भने त्यस्तो अवस्थामा तल्लो अदालत, निकाय वा अधिकारीले गर्न पाउने अधिकार आफैं प्रयोग गरी निर्णय गर्न पनि सक्छ । तल्लो निकाय अदालत वा अधिकारीसमक्ष निर्णयको लागि फिर्ता पठाउन आवश्यक हुँदैन । तर, त्यस्तो स्थिति र अवस्था सधै हुँदैन । मुद्दाको प्रकृति, कार्यविधि र पक्षहरूको सुविधा समेतलाई मध्यनजर गरी शुरू अदालत, निकाय वा अधिकारीसमक्ष पठाउँदा नै उत्तम हुने देखिन्छ भने त्यसरी निर्णय गर्न तल्लो निकायमा पठाउनु पर्ने हुन्छ । प्रस्तुत मुद्दामा प्रतिवादीबाट सम्पत्तिको फाँटवारी माग गरिएको छैन । अंशियार रहेका छोरीहरूको विवाह भएको छ वा छैन ? अहिलेको स्थिति के छ ? समग्र बुझी त्यसका आधारमा अंशियार संख्या निर्धारण हुने अवस्था छ । अंशियार संख्या कायम भएपछि वादी र प्रतिवादीबाट अंशको फाँटवारी माग्नु पर्ने र एक अर्कालाई सुनाउनु पर्ने हुन्छ । सम्पत्तिको विवरण भरी

घर भएको स्थानमा र दावी विरोध गर्नेले पनि स्थानीय स्तरबाट नै बुझ्री प्रतिक्रिया दिन सजिलो हुने भएकोले घरदैलोमा नै प्रक्रिया अवलम्बन गर्न उपयुक्त हुने ।
इजलास अधिकृतः लीलाराज अधिकारी
कम्प्युटरः रामशरण तिमिल्सिना
इति संवत् २०६८ साल असार ६ गते रोज २ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री अवधेशकुमार यादव,** ०६४-CI-१०१९, अंश नाता कायम, *श्रीमती मनकुमारी पुरी वि. पवित्रा पुरी*

करणी लिनु दिनु भई गर्भ रही जातक पैदा भएको अवस्थामा त्यस्ता व्यक्तिहरूका बीच लोग्नेस्वास्नीको सम्बन्ध कायम भएको रहेछ भनी मान्नु नै युक्तिसंगत हुन्छ । यो दाम्पत्य सम्बन्धको स्वाभाविक परिणति पनि हो र यो नै न्यायोचित निष्कर्ष हुन सक्ने ।

ज्यान मुद्दामा कैद सजाय हुने ठहर दुइ तह अदालतबाट सदर भइसकेको स्थितिमा लिखत पारीत गर्ने कार्य भएको देखिँदा यो लिखत पारीत गर्ने कार्य कुनै "बकस" प्रयोजनको लागि नभएर सम्पत्ति लुकाउने, सम्भावित सर्वश्व हुनबाट जोगाउने अभिप्रायले गरिएको भन्ने स्वभाविक रूपमा अनुमान गर्न सकिने ।
इजलास अधिकृतः रमेशप्रसाद रिजाल
इति संवत् २०६८ साल बैशाख २१ गते रोज ४ शुभम् ।

२

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री प्रकाश वस्ती,** ०६७-CI-००८९, निषेधाज्ञा समेत, *विलासचन्द माझी वि. रामकृष्ण माझी थारू*

कि.नं. १०१ र ३४५ को जग्गा निवेदक रामकृष्ण माझी थारूको नाम दर्ता रहेको मिसिल सामेल जग्गा दर्ता प्रमाण पूर्जाको छाँयाप्रतिबाट देखिएको र उक्त जग्गाको मालपोत समेत प्रत्यर्थी निवेदकले तिर्दै बुझाउँदै आएको समेत देखिँदा सो जग्गा निवेदकको हक, भोग, स्वामित्वको हो भन्ने तथ्य पुष्टि हुन आएबाट नापनक्साभित्रको जग्गामा निवेदन मागबमोजिम गुहाली घर निर्माणको कार्यमा कुनै बाधा विरोध नगर्नु, नगराउनु भनी विपक्षीका नाउँमा निषेधाज्ञाको आदेश जारी हुने ।
इजलास अधिकृतः रमेशप्रसाद रिजाल
इति संवत् २०६८ साल बैशाख २२ गते रोज ५ शुभम् ।

३

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री प्रकाश वस्ती,** ०६६-CI-०१६९, निषेधाज्ञा, *टीकाराम कुर्मी समेत वि. मतौवा कुर्मी*

निवेदिकाको नाममा दर्ता भएका विवादित जग्गाहरू र निजको बसोवास भएको घर निजको होइन सार्वजनिक हो भन्ने भनाई पुनरावेदक विपक्षीहरूको नभएको र प्रत्यर्थी निवेदक तथा विपक्षहरू बीच जग्गा जमीन साँध सीमाना सम्बन्धमा विवाद उत्पन्न हुन थाली निवेदन दावीबमोजिम निवेदकको उक्त घर जग्गामा पुनरावेदक विपक्षीहरूद्वारा घर भत्काउने एवं जग्गा कब्जा गर्ने सम्भावनाको विद्यमानता रहेको देखिन आएबाट बसोबासका घरहरू र निजका नाउँ दर्ताको उल्लिखित जग्गाहरूमा गैरकानूनी रूपमा हस्तक्षेप, कब्जा नगरी निवेदिकालाई निर्विवाद रूपमा भोग चलन गर्न दिनु भनी निषेधाज्ञाको आदेश जारी हुने ।
इजलास अधिकृतः रमेशप्रसाद रिजाल
इति संवत् २०६८ साल बैशाख २२ गते रोज ५ शुभम् ।

४

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री प्रकाश वस्ती,** २०६७-CI-०३१९, निषेधाज्ञामिश्रित परमादेश, *रामसागर यादव वि. जिल्ला प्रहरी कार्यालय, धनुषा, समेत*

नोकरीबाट हटाई सकेको भन्ने कुरा पेश हुन आएको लिखित जवाफमा उल्लेख भएको र सो तथ्यको मिसिल संलग्न मध्यक्षेत्रीय प्रहरी कार्यालयको उक्त पत्रको प्रतिलिपि समेतबाट पुष्टि भएको देखिन आयो । निवेदकलाई नोकरीबाट समेत हटाइसकेको देखिन आएकोले प्रस्तुत मुद्दाको औचित्य नै समाप्त भइसकेको देखिन आउने ।

अतः पुनरावेदक निवेदकलाई नोकरीबाट हटाइसकेको अवस्थामा निषेधाज्ञायुक्त परमादेशको आदेश जारी हुन सक्ने अवस्था विद्यमान रहेको नदेखिदा निवेदन खारेज हुने ।
इजलास अधिकृतः रमेशप्रसाद रिजाल
इति संवत् २०६८ साल बैशाख २२ गते रोज ५ शुभम् ।

५

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री प्रकाश वस्ती,** २०६७-CI-०३४१, निषेधाज्ञा परमादेश,

*लक्ष्मीनारायण भगत वि. रामजानकी सुडी कुटीको निर्वाचन समिति समेत*

निजी विधानद्वारा सञ्चालित संस्थाको विधानमै व्यवस्था नगरिएको विषयमा अदालतले निवेदन मागबमोजिम गोला प्रथाद्वारा नै निर्णय गर्नु भनी हस्तक्षेप गर्न मिल्ने अवस्था देखिन आएन । प्रस्तुत विषयमा उक्त बिधानद्वारा गठित समितिले नै निर्णय गर्नु उचित र मुनासिब हुने ।

श्री रामजानकी सुडी कुटीको विधान, २०५४ मा निर्वाचनको क्रममा दुई उम्मेद्वारको बीच मत बराबर भएमा कुन प्रक्रिया अपनाउने सम्बन्धमा केही उल्लेख भएको देखिन नआई सामान्य चलनको आधारमा मात्र अदालतले यस्तो प्रक्रिया अपनाउनु भनी निर्देशित गर्न मिल्ने नदेखिँदा दुबै पक्षबीच सहमतिको आधारमा वा विधान संशोधन गरेर वा अन्य उपायद्वारा सो समस्याको समाधान हुन सक्ने नै देखिँदा निवेदन खारेज हुने ।

इजलास अधिकृतः रमेशप्रसाद रिजाल

इति संवत् २०६८ साल बैशाख २२ गते रोज ५ शुभम् ।

६

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री प्रकाश वस्ती,** २०६७-CI-०२५५, निषेधाज्ञा, *अशोककुमार जयसवाल समेत वि. ज्योतिनारायण झा समेत*

निवेदकले आफ्नो भनी दावी लिएको जग्गा स्कूलको हो भनी लिखित जवाफमा उल्लेख भएबाट उक्त जग्गामा निवेदकको निर्विवाद हक भोग रहेको भन्न सकिने देखिन नआई हकबेहकको प्रश्न सिर्जना भएको देखिन आयो । हकबेहकको प्रश्न सिर्जना भएको अवस्थामा रिट क्षेत्रबाट निर्णय गर्न मिल्ने देखिन नआउने ।

इजलास अधिकृतः रमेशप्रसाद रिजाल

इति संवत् २०६८ साल बैशाख २२ गते रोज ५ शुभम् ।

७

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री प्रकाश वस्ती,** २०६५-CI-०८९६, परमादेश, *गणेशप्रसाद दाहाल वि. किशोर पौडेल*

निवेदन परिसकेपछि नक्सा पास गरी दिने नदिने सम्बन्धमा निर्णय दिनुपर्ने दायित्व सम्बन्धित नगरपालिका कार्यालयको हो । निजले निवेदन दिएपश्चात् लीलाबहादुर घिमिरेले रोक्का गर्न निवेदन दिएको भन्ने आधारमा मात्र प्रत्यर्थी निवेदकको निवेदनलाई त्यत्तिकै राख्न मान्न मिल्ने देखिँदैन । सो निवेदनलाई निष्कर्षमा पुर्‍याउनु पर्ने दायित्व पुनरावेदक विपक्षी इटहरी नगरपालिकाको हो । नक्सा पास गर्न दिने नदिने सम्बन्धमा कुनै कुरा बुझ्नुपर्ने भए तुरून्त बुझी यथाशीघ्र निर्णय दिनुपर्ने ।

इजलास अधिकृतः रमेशप्रसाद रिजाल

इति संवत् २०६८ साल बैशाख २२ गते रोज ५ शुभम् ।

८

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री वैद्यनाथ उपाध्याय,** २०६७-WO-००७१, उत्प्रेषण परमादेश समेत, *मनोहर तिवारी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

घरजग्गा कर परिमार्जन गर्दा काठमाडौं महानगरपालिका बोर्डले गरेको २०६७।३।३२ को निर्णय मिति २०६७।४।३१ गते बसेको काठमाडौं महानगरपालिका नगर परिषद्को बैठकको निर्णय नं. २२ बाट अनुमोदन समेत भई हाल लागू भैसकेको तथ्य विपक्षी काठमाडौं महानगरपालिकाको लिखित जवाफ एवं मिसिल संलग्न उक्त मितिको नगरपरिषद्को बैठकको निर्णयको छाँयाकपी समेतबाट देखिन आएकोले कानूनविपरीत नगर परिषद्बाट अनुमोदन नगरी घरजग्गा कर निर्धारण गरिएको भन्न नमिल्ने भै घर जग्गा करको निर्धारण गर्दा काठमाडौं महानगरपालिकाको स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १३६ तथा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम, १४० र उक्त नियमावलीको अनुसूची ८ को व्यवस्थाअनुसार नै गरेको देखिने ।

इजलास अधिकृतः रमेशप्रसाद रिजाल

इति संवत् २०६७ साल माघ २७ गते रोज ५ शुभम् ।

- यसै प्रकृतिको २०६७-WO-०१४७, उत्प्रेषण परमादेश समेत, *सुवर्णमान डंगोल वि. काठमाडौं महानगरपालिका कार्यालय, समेत* भएको मुद्दामा यसैअनुसार आदेश भएको छ ।

९

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६६ सालको CI-०८६२, अंश चलन, *पदमबहादुर राई वि. मानबहादुर राई*

वादी स्वयंले समेत के कुन पैतृक सम्पत्तिबाट कि.न. ५४१ को जग्गा खरीद गरी घर निर्माण गरेको हो भन्न सकेको देखिँदैन । पैत्रिक सम्पत्ति बिक्री वितरण गरेको भन्ने प्रमाणबाट नदेखिएको र प्रतिवादी लामो समय विदेशी सेनामा काम गरेको देखिएको स्थितिमा प्रतिवादीको नाउँको कि.नं. ५४१ नं. को जग्गामा प्रतिवादीको आफ्नो र आफ्नो परिवारको निमित्त बजार क्षेत्रमा वासस्थान जोड्नु स्वाभाविकै समेत हुने हुँदा कि.नं. ५४१ को जग्गा र सोमा बनेको घर प्रतिवादीको निजी आर्जनको देखिई मुलुकी ऐन, अंशबण्डाको १८ नं. बमोजिम त्यस्तो सम्पत्तिमा अरू अंशियारहरू बीच बण्डा लगाउन नमिल्ने ।

कि.नं. ५४१ को घर जग्गा र ३५६ को जग्गाबाहेक कि.नं. ५३८ र १५७२ समेतका तायदाती फाँटवारीमा उल्लिखित श्रीसम्पत्तिबाट ३ भागको १ भाग वादीले अंश पाउने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६८ साल असार २२ गते रोज ४ शुभम् ।

१०

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री कमलनारायण दास,** ०६३-CI-०३७५, अंश नामसारी, *शेषमन यादव समेत वि. शोभा यादव समेत*

प्रत्यर्थी वादीहरू डि.एन.ए. परीक्षण गरी सत्यतथ्य पत्ता लगाउन अदालतलाई सहयोग गर्न तयार नभएको र आफ्नो दावीअनुसारको पितृत्व संस्थापित गर्न नसकेको तथ्यको पुष्टि हुन आउँछ । यसबाट पनि प्रत्यर्थी वादी अर्जुन यादव चौथी यादवको छोरा नभई शोभा यादवको छोरा भएको कुरा थप पुष्टि हुन आउँछ । तसर्थ वादीहरू र प्रतिवादीहरू एकासगोलका अंशियार देखिन नआएकोले वादीहरूले प्रतिवादीहरूबाट फिराद दावीबमोजिम अंश नपाउने ।

इजलास अधिकृतः रमेशप्रसाद रिजाल

इति संवत् २०६७ साल फागुन २३ गते रोज २ शुभम् ।

- यसै लगाउको ०६३-CI-०३७४, निर्णय दर्ता बदर, *चन्द्रावती यादव वि. शोभा यादव समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

## इजलास नं. ४

**मा.न्या. श्री रामकुमारप्रसाद शाह र मा.न्या. श्री ताहिर अली अन्सारी,** २०६६ सालको WO-०३०९, उत्प्रेषण समेत, *नूरप्रताप राणा वि. नेपाल राष्ट्र बैंक* समेत

नियमनकारी निकायको हैसियतमा नेपाल राष्ट्र बैंकले कुनै बैंक वा वित्तीय संस्थालाई आवश्यक आदेश निर्देशन दिन सक्ने वा सोसम्बन्धी सूचना जारी गर्न सक्ने अधिकार निहीत रहेको छ । यस अधिकारको प्रयोग गरी दिइएको आदेश, निर्देशन वा जारी गरिएको सूचनाको पालना गर्नु सम्बन्धित बैंक वा वित्तीय संस्थाको कर्तव्य हो । नियमन तथा व्यवस्थित गर्ने अधिकारभित्र आवश्यक आदेश र निर्देशन दिन वा आवश्यक सूचना तथा परिपत्र जारी गर्ने अधिकार समेत परेको छ । यस कानूनी अधिकारको प्रयोग गर्दा कुनै व्यक्ति विशेषको कानूनी हक माथि आघात परेको भन्न नमिल्ने ।

इजलास अधिकृतः रामप्रसाद शर्मा

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६८ साल जेठ १० गते रोज ३ शुभम् ।

- यसै प्रकृतिको २०६६ सालको WO-०६७८, उत्प्रेषण समेत *नूरप्रताप राणा वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग समेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

## इजलास नं. ५

१

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री अवधेशकुमार यादव,** २०६६ सालको ०६६-WO-०५७८, उत्प्रेषण समेत, *रामभजन राय वि. भगलु साह तेली समेत*

घरको मूली व्यक्ति आफू भएको भनी भगलु यादवले जिकीर लिएको व्यवहार प्रमाणबाट समेत सो पुष्टि भएको देखिन्छ । घरको मुख्य व्यक्ति आफू नै रहेको र छोराले ऋण लिएको भन्ने व्यवहार जानकारी नभएको भनी निजले जिकीर लिएको देखिन्छ । मुलुकी ऐन, लेनदेन व्यवहारको ८ नं. मा घरको मुख्य भै कामकाज गर्ने वा सगोलमै बसी विभिन्न ठाउँमा घर

खेती व्यापार वा अरू कुनै काम गरी बस्ने उमेर पुगेका जानकार लोग्ने मानिस वा स्वास्नी मानिस आफूखुशी काम गरेको ठाउँमा मुख्य ठहर्छन् । त्यस्ता मुख्यले गरेको व्यवहार वा एकाघरका उमेर पुगेका अरूले गरेकोमा मुख्य जानकारको पनि सहीछाप वा लिखत भएको व्यवहार मात्र गोश्वारा धनबाट चल्छ भन्ने स्पष्ट व्यवस्था भएको देखिन्छ । परिवारको कुनै एक सदस्यले घरको मुख्य व्यक्तिलाई थाहा जानकारी नदिई जथाभावी व्यवहार गर्दै जाने र त्यसको दायित्व परिवारको अन्य सदस्यहरूले बहन गर्नुपर्ने स्थिति आउन नदिनका लागि नै मुलुकी ऐन, लेनदेन व्यवहारको ८ नं. ले कारोवार गर्दा घरको मुख्य व्यक्तिको मञ्जूरी लिनुपर्ने अवधारणा लिएको देखिन्छ । घरका मुख्य व्यक्ति भगलु साह भएको र अवध साहले गरेको व्यवहारमा निज भगलु साहको सहीछाप वा मञ्जूरी समेत नभएको देखिँदा कारोवार हुँदाका बखत मञ्जूरी नभएको एवं साक्षी समेत नबसेका विपक्षी भगलु साहका नाउँ दर्ताको जग्गा रोक्का राखी सोही जग्गाबाट असूलउपर हुन सक्ने गरी राखिएको रोक्का कार्यलाई कानूनसम्मत मान्न नमिल्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६७ साल चैत १८ गते रोज ६ शुभम् ।

२

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री अवधेशकुमार यादव,** ०६५-WO-०८३६, उत्प्रेषणयुक्त परमादेश, *सालिकराम राना समेत वि. बालसुग्रिभ राना समेत*

दशौं वर्षसम्म मिलापत्रलाई स्वीकार गरी बसी मिलापत्रबमोजिमको कार्यान्वयनका लागि यी रिट निवेदकले अदालतसमक्ष निवेदन समेत दिएका र हाल आएर पक्ष विपक्षीका बीचमा जग्गा खिचोला मुद्दा परी सो विचाराधीन अवस्थामा रहेको खिचोला मुद्दालाई प्रभाव पार्ने गरी रिट निवेदनबाट अब विचार गर्न सक्ने स्थिति समेत नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६७ साल चैत १८ गते रोज ६ शुभम् ।

३

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री भरतराज उप्रेती,** ०६४-WO-०९९७, उत्प्रेषण परमादेश, *खेमराज खत्री वि. काठमाडौं महानगरपालिका समेत*

विवादको विषयवस्तु हेर्दा चलन चल्तीको बाटो कति हो, निवेदकका मागअनुसार कम्पाउण्ड वाल निर्माणको नक्सा पास गर्दा उक्त बाटो मिचिन्छ मिचिँदैन, निर्माण भएको ढल कम्पाउण्डभित्र पर्छ पर्दैन भन्ने पक्ष विपक्षबीच विवाद देखिन्छ । तथ्यको कुरामा सबूद प्रमाण बुझी सोको मूल्याङ्कन गरी निर्णय गर्नुपर्ने हुन्छ । त्यस कुरामा रिट क्षेत्रबाट उपचार दिन मिल्ने देखिँदैन । आफ्नो दर्ता हक, भोगको जग्गा मिची बाटो बनाउने, ढल निर्माण गर्नेलगायतका कार्य गरेको भए कानूनले तोकेको हदम्यादभित्र साधारण अधिकारक्षेत्र उपभोग गरी रिट निवेदकले उपचार गर्न सक्ने नै देखिन्छ । यस्तो स्थितिमा सोझै असाधारण अधिकारक्षेत्र निवेदकले उपचार प्राप्त गर्न सक्ने नै देखिन्छ । यस्तो विषयमा सोझै असाधारण अधिकारक्षेत्रअन्तर्गत रहेको रिट निवेदनको माध्यमद्वारा हस्तक्षेप गरी विवादको निरूपण गर्न नमिल्ने ।

इजलास अधिकृतः पुष्पराज थपलिया

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६८ साल जेठ २५ गते रोज ४ शुभम् ।

४

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री भरतराज उप्रेती,** ०६६-WO-१००२, उत्प्रेषण परमादेश, *किशोर के.सी. वि. कविता कार्की समेत*

अंश मुद्दा विचाराधीन रहेकै अवस्थामा पछिबाट सम्बन्ध विच्छेद् मुद्दाको रोहमा समेत अंश पाउने कानूनी व्यवस्था भइरहेको सन्दर्भमा अंश मुद्दाको छुट्टै अस्तित्व कायम रहेको अवस्थामा सम्बन्ध विच्छेद् मुद्दा दायर गर्दैमा अघिको अंशको दावी छोडेको अर्थ गर्न मिल्दैन । सम्बन्ध विच्छेद् मुद्दा दायर गरेको कारणबाट भइरहेको अंश मुद्दाको दावी समेत परित्याग गरी निरअंशी हुने स्थिति हुन्छ भन्नु कानून र न्यायसंगत नहुने ।

पहिले नै दायर भई अन्तिम टुङ्गो समेत लागिसकेको अंश मुद्दाको रोहमा पछिबाट विवाह गरी ल्याएकी श्रीमती र सोबाट जन्मेको सन्तानलाई अंशियार कायम गर्न कानूनको अभावमा मिल्ने नदेखिने ।

इजलास अधिकृतः पुष्पराज थपलिया

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६८ साल जेठ २५ गते रोज ४ शुभम् ।

५

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री भरतराज उप्रेती,** ०६२-WO-२७४५, उत्प्रेषणयुक्त परमादेश, *महेन्द्र यादव वि. रघुवीर ठाकुर हजाम समेत*

निवेदकले अन्तिम फैसलाबमोजिम ठहरेको बिगो साहुलाई बुझाउनु पर्नेमा विवाद छैन । यसरी आफूले पूरा गर्नुपर्ने ठहरिएको दायित्व पूरा नगरी पन्छदै गई पछि लिलामको प्रक्रियामा बखेडा झिकी उजूरी गरी समय पनि लम्ब्याउने अनि समय लम्बिएको कारणले पञ्चकीर्ते मूल्याङ्कन निवेदकले भने जस्तो गरी दोहोऱ्याई रहने हो भने बिगो भराउने प्रक्रिया अनिश्चित्कालसम्म लम्बिने र फैसला कार्यान्वयन हुन नसक्ने अवस्था आउँछ । यस्तो कुरा न्यायको रोहमा ग्राह्य मान्न सकिँदैन र मुद्दाको अन्त्य पनि कहिल्यै हुन सक्दैन । मुद्दाको अन्त्य कहिल्यै नहुने गरी निवेदकले भनेबमोजिम आदेश हुँदै जाने हो भने मुद्दाको अन्तिमताको सिद्धान्तको कुनै अर्थ नरही न्याय प्राप्त हुन नसक्ने हुन्छ । अझ मुद्दा फैसला भई न्याय निरोपण भई सकेपछि फैसलाबमोजिम हुनु वा गर्नुपर्ने कार्य गर्नमा बिलम्ब गर्दै जाने हो भने त्यस्तो फैसलाको कुनै अस्तित्व नै नरहने हुन्छ । त्यसमा पनि फैसला भइसकेपछि व्यहोर्नु पर्ने दायित्व पूरा गर्नुपर्ने कर्तव्य हार्ने पक्षको रहेको हुन्छ । तर निजले त्यस्तो दायित्व पूरा नगरेको अवस्थामा जित्ने पक्षलाई हार्ने पक्षको जायजेथाबाट पूरा गराउन अदालत स्वयं बाध्य हुने र सोहीबमोजिम कानूनद्वारा निर्धारित गरिएको प्रक्रिया पूरा गरी भएको पञ्चकीर्ते र लिलामीको कारवाही अपरिहार्य हुँदा जग्गाको पञ्चकीर्ते मूल्य कायम गरी सार्वजनिक रूपमा डाँक लिलाम भै अन्तिम भइसकेको यस्तो कुरामा पटक-पटक निवेदन लिई बिगो भरीभराउ गर्ने कार्य दोहोऱ्याई रहनु न्यायको दृष्टिमा ग्राह्य मान्न नसकिने र मुद्दाको अन्त्य समेत कहिल्यै हुन नसक्ने हुँदा त्यस्तो कुरामा रिट क्षेत्रबाट हस्तक्षेप गरी आदेश जारी गर्न नमिल्ने हुनाले निवेदकको माग दावीबमोजिम उत्प्रेषणयुक्त परमादेशको आदेश जारी गर्नुपर्ने देखिएन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०६७ साल पुस १८ गते रोज १ शुभम् ।

६

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री भरतराज उप्रेती,** २०६५ सालको-WO-०८२१, उत्प्रेषण समेत, *हरिनारायण प्रसाद रौनियार वि. भौतिक योजना तथा निर्माण मन्त्रालय समेत*

साँचो कागजपत्र पेश गरेर जिकीर लिन नसकी केवल कालोसूचीमा राख्ने काम कारवाही रीतपूर्वक भएन वा प्रक्रिया पूरा भएन भन्दैमा सो कुराले खासै महत्व राख्ने देखिँदैन । आफू कालोसूचीमा पर्न नसक्ने यथेष्ट प्रमाण गुजार्न नसकेसम्म सम्बन्धित निकायले कालोसूचीमा राखेको कार्य रीतपूर्वकको भएन भन्न नमिल्ने ।

बोलपत्रको सूचनामा उल्लेख भएका योग्यताहरू फर्मले पूरा गर्न नसकेसम्म कुनै पनि फर्मले प्रतिस्पर्धामा भाग लिन पाउने हुँदैन । आवश्यक न्यूनतम् योग्यता पूरा गरेको नभई झूट्टा व्यहोराका कागज बनाई आवश्यक न्यूनतम् योग्यता पुऱ्याएको सम्बन्धमा उजूर परी छानबीन गर्दा निवेदक फर्मले आवश्यक न्यूनतम् योग्यता पुऱ्याउनको लागि नक्कली कागजात बनाएको पुष्टि हुन आएको भनी उक्त फर्मलाई कालोसूचीमा राख्ने र त्यस्तो फर्मसँग सम्झौता गर्न नहुने निष्कर्ष निकालेको देखिन्छ । यस अवस्थामा आवश्यक न्यूनतम् योग्यता पुऱ्याउनको लागि झूट्टा कागजात तयार गरी पेश गर्ने फर्मलाई नै ठेक्का प्रदान गर्नुपर्दछ भन्न नमिल्ने ।

एक पक्षसँग रीतपूर्वक सम्झौता भै सम्पन्न भएको कार्यलाई सम्झौता नै नगरिएको पक्षले आफ्नो हक हनन् भयो भनी दायर गरेको रिटबाट हस्तक्षेप गर्नु औचित्यपूर्ण देखिदैन । रिट क्षेत्रमा प्रवेश गर्ने निवेदकले आफ्नो संविधानप्रदत्त वा कानूनप्रदत्त हकमा हस्तक्षेप हुन गएको कुरा वस्तुनिष्ठ एवं ठोस आधारमा स्थापित गर्न सक्नुपर्ने ।

इजलास अधिकृतः रमेश ज्ञवाली/विमल पौडेल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६७ साल माघ १० गते रोज २ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- २०६६ सालको WO-०१५३, उत्प्रेषण समेत, *हरिनारायण प्रसाद रौनियार वि. भौतिक योजना तथा निर्माण मन्त्रालय समेत*

- २०६५ सालको WO-०८२०, उत्प्रेषण समेत, *हरिनारायण प्रसाद रौनियार वि. भौतिक योजना मन्त्रालय समेत*
- २०६५ सालको WO-०८२२, उत्प्रेषण समेत, *हरिनारायणप्रसाद रौनियार वि. भौतिक योजना तथा निर्माण मन्त्रालय समेत*
- २०६५ सालको WO-०८२३, उत्प्रेषण समेत, *हरिनारायण प्रसाद रौनियार वि. भौतिक योजना तथा निर्माण मन्त्रालय समेत*
- २०६५ सालको WO-०८५५, उत्प्रेषण समेत, *हरिनारायणप्रसाद रौनियार वि. भौतिक योजना तथा निर्माण मन्त्रालय समेत*

७

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री वैद्यनाथ उपाध्याय,** २०६५ सालको WO-००७१, उत्प्रेषणयुक्त परमादेश, *लल्लन लोहार समेत वि. भूमिसुधार कार्यालय बर्दिया, गुलरिया समेत*

२०२४।१।२२ को निर्णयबमोजिम साविकमा अधिकतम् हदभन्दा बढी जग्गा बिक्री वितरणबाट प्राप्त गर्ने त्रिभुवन लोहारले कानूनतः बुझाउनु पर्ने रकम नबुझाएको कारण १८ नं. अनुसूची प्राप्त नगरेको र विवादित कित्ता जग्गा समेत निवेदकको भोगचलन नभएको साविकदेखि विपक्षी भगवानदिन लोहारले नै जोतभोग गरेको स्थलगत सर्जमिन समेतबाट देखिन्छ । यस्तो अवस्थामा मोहीको हिस्साबापतको आधार जग्गा र जग्गाधनीको हदबन्दीभन्दा बढीको छाडिने विवादित कित्ता जग्गा निज मोही भगवानदिन लोहारको नाममा मिति २०६४।२।९ को निर्णयअनुसार बिक्री वितरण गरिएको र सोही जग्गामा मोही नै अग्राधिकार समेत हुने देखिदा निवेदकको निवेदन तामेलीमा राख्ने गरेको निर्णय कानूनसम्मत् नै देखिने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल
कम्प्युटरः भवानी ढुंगाना
इति संवत् २०६७ साल फागुन ११ गते रोज ४ शुभम् ।

८

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री तर्कराज भट्ट,** २०६६ सालको २०६६-CI-०१५२, अंश दपोट, *कृष्णबहादुर खत्री वि. सानुमाया खत्री*

वादी प्रतिवादीबीच २००७।२।२० मा मानो छुट्टिएको स्थिति देखिएको र त्यसपछि मात्र प्रत्यर्थी प्रतिवादीले जोत हक पाई सोही जोत हकका आधारमा दर्ता समेत गराई उक्त कि.नं. २२५ को जग्गा हस्तान्तरण समेत भएको अवस्था देखिएको र मोहीको हैसियतले प्राप्त उक्त जग्गा निज जिम्मा रहेको बण्डा हुने सम्पत्ति देखिन नआएबाट अंश मुद्दाको तायदातीमा नदेखाइएकोले अंश दपोट गरेको भन्ने दावी पुग्न नसक्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम
कम्प्युटरः प्रेमबहादुर थापा
इति संवत् २०६८ साल जेठ ४ गते रोज ४ शुभम् ।

- यसै लगाउको २०६६ सालको २०६६-CI-०१५३, लिखत दर्ता बदर, *कृष्णबहादुर खत्री वि. सानुमैया खत्री* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

९

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री तर्कराज भट्ट,** २०६७ सालको WO-०५५३, उत्प्रेषण समेत, *मनिषकुमार अग्रवाल वि. ऊर्जा मन्त्रालय समेत*

अनुमति प्राप्त गर्दा निवेदकले आफूले पालना गर्नुपर्ने शर्तहरू पूरा गर्नेछु भनी मञ्जूर गरी अनुमति प्राप्त गरेपछि अनुमतिमा उल्लेख भएका शर्तहरू पालना गर्नु निजको कानूनी कर्तव्य हो । यसरी शर्तहरू पालना भए नभएको भन्ने विषयमा आवश्यक प्राविधिक टोली खटाई उक्त प्राविधिक टोलीले दिएको प्रतिवेदन व्यहोरामा निवेदकले अनुमति प्राप्त गर्दाका बखत तोकिएका शर्तहरू पालना नगरेको भनी प्रतिवेदनमा उल्लेख गरी व्यहोरा पेश भएको र शर्तहरू पूरा नगरेको भन्ने तथ्यात्मक आधारमा निवेदकको अनुमतिपत्र नवीकरण नगर्ने गरी भएको ऊर्जा मन्त्रालयको निर्णयउपर रिट क्षेत्रबाट सबूदको रोहमा विचार गर्न नमिल्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम
कम्प्युटरः अमिररत्न महर्जन
इति संवत् २०६७ साल चैत १४ गते रोज २ शुभम् ।

१०

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६६ सालको CR-०२६६, कर्तव्य ज्यान, *दीपेन्द्रबहादुर कार्की वि. नेपाल सरकार*

आवेशमा आई केही कार्य गर्दा मृतक लडी घाइते भएपछि निजलाई तत्काल उपचार गर्न लैजानु पर्नेमा घाइते अवस्थामा नै छाडी भाग्नुपर्नाको न्यायोचित कारण समेत प्रतिवादीले उल्लेख गर्न सकेका

छैनन् । आफ्नी श्रीमती रगतपच्छे भएर भूईँमा लड्दा बचाउने सामान्य प्रयास पनि नगरी झन् घटनास्थलबाट अन्यत्रै जाने कार्यले प्रतिवादीले जिकीर लिए जस्तो मनसाय तत्व थिएन भनी भन्न मिल्ने देखिएन । मनसाय भनेको धेरै पहिलेदेखि राख्नु वा वारदातको केही समय वा वारदात हुँदाहुँदै खराब मनसाय राख्ने कार्यले समेत तात्विक असर राख्दैन । धेरै पहिलेदेखि मनसाय राखेर योजानावद्ध ढंगले वारदात गरे पनि वा तत्काल खराब आशयले कुकृत्य गरेको भए पनि उक्त कार्य मनसायप्रेरित हत्याको वारदात हुन जाने ।

इजलास अधिकृतः बिमल पौडेल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६७ साल पुस २८ गते रोज ४ शुभम् ।

११

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६४ सालको WO-०९७८, उत्प्रेषण समेत, *दिनानाथप्रसाद शाह समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

निवेदकहरूले प्रस्तुत कारखाना खारेजीको प्रक्रिया कम्पनी ऐनअनुरूप हुने भनी जिकीर लिए पनि नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको कारखानाको खारेजीको प्रक्रिया निजीकरण ऐन, २०५० दफा १६ ले स्पष्ट रूपमा निर्देशित गरेको अवस्थामा रिट निवेदकहरूले निजीकरण ऐन आकर्षित हुने विषयमा अन्यथा प्रश्न उठाउने सरोकार समेत रहने देखिन्न । निजीकरण ऐन, २०५० को उद्देश्यअनुरूप सञ्चालन र विघटन समेत हुन सक्ने प्रकारका यस्ता विवादमा निजीकरण ऐन आकर्षित हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६७ साल चैत ४ गते रोज ६ शुभम् ।

१२

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६४ सालको WO-०५१९, उत्प्रेषणयुक्त परमादेश, *गोपालप्रसाद लामिछाने वि. दण्डपाणी शर्मा समेत*

निवेदक गोपालप्रसाद लामिछानेलाई आन्तरिक राजश्व कार्यालय भरतपुरको मिति २०६५।१।१८ को पत्रबाट मिति २०६५।१।१३ देखि ज्येष्ठता कायम हुने गरी नेपाल प्रशासन सेवा राजश्व समूहको राजपत्र अनंकित प्रथम श्रेणीको ना.सु. पदमा बढुवा नियुक्ति गरिएको भन्ने आन्तरिक राजश्व कार्यालय भरतपुरको च.नं. ४३१ को पत्र निवेदकका तर्फबाट प्राप्त बढुवा नियुक्तिको प्रतिलिपिबाट देखिएको हुँदा निवेदकको मागबमोजिमको आदेशका सम्बन्धमा विचार गरी रहन नपर्ने हुँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६८ साल असार ७ गते रोज ३ शुभम् ।

१३

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६३ सालको WO-१२०९, उत्प्रेषण, *कृष्णराज अधिकारी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले सार्वजनिक पदधारण गरेका व्यक्तिहरूउपर परेको उजूरीमा अनुसन्धान गरी आवश्यक कारवाहीको लागि अख्तियारवालालाई लेखी पठाउन सक्ने र अख्तियारप्राप्त व्यक्तिले आफ्नो स्वविवेकीय अधिकार प्रयोग गरी सजाय गर्नुपर्नेमा अख्तियारद्वारा किटान गरी निर्देशन गरेको सजाय गरेको देखिँदा त्यस्तो सजाय किटान गरी विभागीय कारवाही गर्न लेखी पठाएको आयोगको च.नं. ८१० मिति २०६१।८।२१ को पत्र, अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२(१) र यस अदालतबाट २०६२ सालको रिट नं. २४५२ नि.नं. ७७५१, विनोद गिरी वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग समेत भएको मुद्दामा प्रतिपादित नजीर सिद्धान्त समेतको विपरीत भएको तथा उक्त पत्रको आधारमा निवेदकलाई भएको विभागीय कारवाही समेत कानूनसम्मत नदेखिने ।

सजाय कारवाहीको लागि पठाउँदा नै उचित र स्वच्छ निर्णयको लागि प्रस्तुत नगरी निर्देशित एवं हस्तक्षेपयुक्त रूपमा कारवाही गर्न पठाएबाट सो निर्णयको स्वच्छतामा र स्वतन्त्रतामा आँच आएको देखिन्छ । यस्तो निर्णयको अनुमोदन जो जसले गरे पनि त्यसको कुनै वैधता नरहने हुँदा निवेदकलाई भएका विभागीय कारवाही उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०६८ साल चैत १ गते रोज ३ शुभम् ।

- यसै प्रकृतिको २०६३ सालको WO-१२१०, *रामविनोद महासेठ वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत* भएको मुद्दामा यसैअनुसार आदेश भएको छ ।

१४

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६३ सालको WO-०५६७, उत्प्रेषण, *अष्टमान कि.सी. महर्जन वि. जिल्ला प्रशासन कार्यालय, ललितपुर समेत*

एफ.एम. सञ्चालनको विषयलाई लिएर निर्णय गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई कुनै कानूनले प्रदान गरेको देखिन्न । एफ.एम. सम्बन्धमा आवश्यक अधिकारको प्रयोग गर्ने सञ्चार सचिवको अध्यक्षतामा गठन भएको छुट्टै समितिको अधिकारक्षेत्र रहेको समेत देखिन्छ। यस्तो अवस्थामा अधिकारक्षेत्र र कानूनी आधार नै उल्लेख नगरी निवेदकको हकमा पत्र लेखी कारवाही गरेको देखिएको जिल्ला प्रशासन कार्यालय ललितपुरको कार्य कुनै कानूनमा आधारित भएको समेत देखिएन तथा उक्त कार्यमा अधिकार क्षेत्रको अभाव देखिने ।

निवेदकको विरूद्ध हक सिर्जना हुने गरी गरिएको निर्णय कानूनमा आधारित नभै गरिएको र त्यसो गर्न कानूनले नमिल्ने हुनाले विपक्षी जिल्ला प्रशासन कार्यालय ललितपुरबाट रिट निवेदकको विरूद्ध जारी गरिएको मिति २०६३।८।२७ को पत्र समेत कानूनविपरीत देखिएको एवं अधिकारक्षेत्रका अभाव समेत रहेको देखिएकोले उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । अब रिट निवेदकको एफ.एम. सञ्चालनका काम कारवाहीमा कुनै पनि गैरकानूनी हस्तक्षेप नगर्नु भनी विपक्षी जिल्ला प्रशासन कार्यालय, ललितपुर समेतका नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६७ साल चैत १७ गते रोज ५ शुभम् ।

१५

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. कमलनारायण दास,** २०६४ सालको WO-०६८१, उत्प्रेषणयुक्त परमादेश समेत, *तीलबहादुर झेडी मगर वि. श्री लुम्बिनी आदर्श डिग्री कलेज, कावासोती नवलपरासी समेत*

के कति योग्यता भएको व्यक्ति उक्त कलेजको प्रिन्सिपलको पदमा योग्य हुन्छ भन्ने कुरा विपक्षी लुम्बिनी आदर्श कलेजमा निहीत रहने हुँदा निवेदकले प्रिन्सिपलको शैक्षिक योग्यताको विषयमा प्रश्न उठाउने ठाउँ देखिँदैन । के कुन योग्यताको व्यक्तिलाई उक्त कलेजको प्रिन्सिपल पदमा नियुक्त गर्ने हो वा होइन भन्ने विषय कलेजको नितान्त प्रशासनिक विवेकको विषय हो । निज प्रिन्सिपल दुर्गानिधि चापागाईको शैक्षिक योग्यता र सो बमोजिम कलेजमा प्रिन्सिपल नियुक्त गर्ने कुरा शैक्षिक संस्थाको नितान्त प्राध्यापन तथा व्यवस्थापनको लागि आवश्यक सेवा शर्त भएबाट निवेदकले उक्त कलेजमा प्रिन्सिपलका लागि आवश्यक न्यूनतम् शैक्षिक योग्यता र कार्यक्षमताका विषयमा समेत प्रश्न उठाउन मनासिब देखिँदैन । उक्त शैक्षिक संस्थाको प्राध्यपन तथा व्यवस्थापनका लागि आवश्यक सेवा शर्तका सम्बन्धमा प्रश्न उठाउनु पर्ने सरोकार र हक नै निवेदकले स्पष्ट रूपमा देखाउन नसकेबाट निवेदन खारेज हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०६७ साल चैत १७ गते रोज ५ शुभम् ।

- यसै प्रकृतिको २०६४ सालको WO-०६८०, उत्प्रेषणयुक्त परमादेश समेत, *तीलबहादुर झेडी मगर वि. श्री लुम्बिनी आदर्श डिग्री कलेज, कावासोती नवलपरासी समेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

१६

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. कमलनारायण दास,** २०६६ सालको WO-०६२७, उत्प्रेषण समेत, *नमूना शर्मा समेत वि. त्रिभुवन विश्वविद्यालय, कार्यकारी परिषद्को कार्यालय, कीर्तिपुर समेत*

प्रस्तुत रिट निवेदनमा मूलतः निवेदकले मिति २०६३।५।८ मा नेपाल सरकार र आंशिक शिक्षकका बीचमा भएको सहमति उत्प्रेषणको आदेशद्वारा बदर गरी पाउन माग गरी निवेदन दिएको देखिन्छ । उक्त २०६३।५।८ को सम्झौताका सम्बन्धमा अधिवक्ता सरस्वती शर्मा समेत निवेदक विरूद्ध शिक्षा तथा खेलकुद मन्त्रालय काठमाडौं समेत भएको २०६४ सालको WO-०८०१ को उत्प्रेषण मिश्रित परमादेश समेतका रिट निवेदनबाट नै नेपाल सरकार र आंशिक

शिक्षकका बीच भएको मिति २०६३।५।८ को सहमति बदर हुने गरी यस अदालतबाट मिति २०६६।११।१० मा फैसला भएको देखियो । अतः अघिल्लो मुद्दाबाट बदर भैसकेको सहमतिलाई पुनः बदर गर्नु नपर्ने गरी एवं समावेशीको सम्बन्धमा सम्बोधन भैसकेको हुँदा प्रस्तुत रिट निवेदनमा निवेदकको मागबमोजिमको आदेश जारी गर्न परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम
कम्प्युटरः भवानी ढुंगाना
इति संवत् २०६७ साल चैत १७ गते रोज ५ शुभम् ।

- यसै प्रकृतिको २०६६ सालको WO-०६६२, उत्प्रेषण समेत, *नमूना शर्मा समेत वि. त्रिभुवन विश्वविद्यालय, कार्यकारी परिषद्को कार्यालय, कीर्तिपुर समेत* भएको मुद्दामा यसैअनुसार आदेश भएको छ ।

१७

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. कमलनारायण दास,** २०६५ सालको WO-०६९४, उत्प्रेषण समेत, *सुदर्शन थपलिया वि. काठमाडौं उपत्यका खानेपानी लिमिटेड (KUKL) त्रिपुरेश्वर काठमाडौं समेत*

काठमाडौं उपत्यकाभित्रका जनतालाई पिउनका लागि वितरण हुने पानीको गुणस्तर एवं स्वच्छ र स्वस्थ्यवर्द्धक पानीको वितरणका लागि आवश्यक प्रवन्धको चासो लिएर जुनसुकै नेपाली नागरिकले अदालतसमक्ष प्रवेश गर्न सक्ने ।

वितरण हुने पानीका स्रोत वा मुहान नै आफैंमा स्वच्छ सफा भएनन् एवं ती मुहानबाट संकलित पानीलाई अन्तर्राष्ट्रिय मापदण्डअनुरूपको बनाउन सकिएन भने त्यसले आम उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर त पर्छ नै त्यसका अतिरिक्त सार्वजनिक सेवा प्रवाह गर्ने निकायले सेवाग्राहीको स्वास्थ्यमा अत्यन्त चनाखो हुने एवं अन्तर्राष्ट्रिय मापदण्डको आधारमा पानीको उत्पादन एवं वितरण हुन वाञ्छनीय हुने ।

आफूले वितरण गरेको पानी अन्तर्राष्ट्रिय स्तरको WHO को मापदण्डअनुरूप भएको भनी जिकीर लिँदैमा सो जिकीरलाई विश्वसनीय मान्न सकिन्न । त्यस्तो वितरित पानीको सम्बन्धमा आउने जुनसुकै प्रकारका गुनासो वा सिकायत प्राप्त भएपछि ती तथ्यको पुनर्विचार वा पुनरावलोकन गरी वितरीत पानीको गुणस्तर आफूले दावी गरेको अन्तर्राष्ट्रिय मापदण्डअनुरूपको हो भनी आश्वस्त पार्ने जिम्मेवारी पनि सेवाप्रदायक संस्थाको हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम
कम्प्युटरः प्रेमबहादुर थापा
इति संवत् २०६७ साल चैत १७ गते रोज ५ शुभम् ।

## इजलास नं. ६

१

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या.श्री सुशीला कार्की,** रिट नं. ०६५-WO-०७११, उत्प्रेषण, प्रतिषेध परमादेश, *बाङ्गे लामा समेत वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग समेत*

नेपाल सरकारले उपलब्ध गराएको अन्य शरणार्थी शिविर जस्तो गरी उपलब्ध गराएको वा प्रदान गरेको अभिलेख वा स्रेस्ता प्रमाण नहुनुबाटै त्यसको हक स्वामित्व स्वतः निजी व्यक्तिको नाममा जान सक्ने अवस्था नहुने ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ख ले अनुचित कार्यबाट उत्पन्न दुष्परिणाम प्रचलित कानूनबमोजिम सच्याउनका लागि आयोगले सम्बन्धित अधिकारी वा निकायलाई लेखी पठाउनेसम्म हो । त्यसरी लेखी आएमा कानूनबमोजिमको कारवाही गरी दुष्परिणाम छ भने त्यसलाई सच्याउने दायित्व, कर्तव्य र अधिकार सम्बन्धित अधिकारी वा निकायकै हुन्छ । त्यसमा हस्तक्षेप हुने गरी आयोग आफैंले दुष्परिणाम सच्याउने निर्णय गर्न नमिल्ने ।

सार्वजनिक प्रकृतिको जग्गालाई कसैको नाममा निजी रूपमा दर्ता गराउन खोज्नु र सो कार्यमा त्यहाँ बसोबास गर्नेले कसैले विरोध नजनाएकै आधारमा व्यक्ति विशेषको नाममा भएको त्यस्तो जग्गाको दर्ताले कानूनी मान्यता प्राप्त गर्न सक्ने हुँदैन । यसरी तिब्बतीयन शरणार्थीहरूको सामूहिक बसोबास र सार्वजनिक प्रयोग एवं भोगचलनमा रहेको सार्वजनिक प्रकृतिको संरचनाहरू निर्माण भएको देखिएको अवस्थामा कानूनले अधिकार नै नदिएको अवस्थामा त्यस्तो जग्गा खरीद गरी लिएको भन्ने आधारमा निजी रूपमा विवादित जग्गा नापी गर्नु

गराउनु र मालपोत कार्यालयले निवेदकका नाममा निजी दर्ता गरेको कार्य समेत कानूनसम्मत नदेखिने ।

स्इजलास अधिकृतः दीपककुमार दाहाल

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६८ साल असार २ गते रोज ५ शुभम् ।

२

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या.श्री सुशीला कार्की,** ०६६-CR-०४०३, लागू औषध खैरो हेरोइन, *जयकृष्ण प्रधान वि. नेपाल सरकार*

खैरो हेरोइन जस्तो कडा लागू औषध ३२ ग्राम बरामद हुनु आफैंमा सामान्य अवस्था वा एकजनाले आफ्नो सेवनको लागि मात्र राखेको भनी स्वीकार गर्न मिल्दैन । बरामद भएको ३२ ग्राम खैरो हेरोइनको मात्रा हेर्दा उक्त बरामदी परिणाम सेवनका लागि भन्दा पनि बेचबिखन वा कारोवारकै क्रममा संकलन गरेको हुनुपर्दछ भनी मान्नु पर्ने हुन्छ । त्यसमा पनि झापा घर भएका प्रतिवादी सो लागू पदार्थ बिक्री वितरण गर्ने प्रयोजनका लागि नै काठमाडौंमा आएको र आरोपित कसूर गर्ने सिलसिलामा काठमाडौंमा पक्राउ परेको देखिदा प्रतिवादी जयकृष्ण प्रधानले लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को देहाय (च) बमोजिमको निषेधित कार्य गरेको देखिएकोले निजलाई सोही ऐनको दफा १४(१) (छ)(२) पछि १० वर्ष कैद र रू. ७५०००।- (पचहत्तर हजार रूपैयाँ) जरीवाना हुने ।

इजलास अधिकृतः बिमल पौडेल

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६८ साल बैशाख २८ गते रोज ४ शुभम् ।

३

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या.श्री सुशीला कार्की,** ०६५-CR-००७५, लागू औषध खैरो हेरोइन, *नेपाल सरकार वि. रञ्जितकुमार सर्राफ समेत*

प्रतिवादी बृजकिशोर प्रसाद सोनारले जानीजानी लागू औषध कारोवारमा प्रयोग गर्न आफ्नो नाममा दर्ता रहेको ना. २ प. २९५३ नं. को मोटरसाइकल दिएको देखिँदा निज प्रतिवादीको उक्त कार्य लागू औषध नियन्त्रण ऐन, २०३३ को दफा १५ विपरीतको कसूरको श्रेणीभित्र परेको देखियो । सो देखिँदा निज प्रतिवादी बृजकिशोर प्रसाद सोनारलाई सोही दफा १५ बमोजिम ६ महिना कैद हुने र जानीजानी लागू औषधको कारोवारमा प्रयोग गर्न दिएको सवारी साधन समेत सोही दफा १५ बमोजिम जफत हुने ।

इजलास अधिकृतः बिमल पौडेल

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६८ साल बैशाख २८ गते रोज ४ शुभम् ।

४

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४ सालको रिट निवेदन नं. ०४८५, उत्प्रेषणयुक्त परमादेश समेत, *दिलकुमार मानन्धर वि. जिल्ला विकास समितिको कार्यालय रामेछाप समेत*

जिल्ला विकास समिति एउटा स्वशासित संस्था अवश्य हो । तर ऐनबमोजिम गठन भएको संस्थाले आफ्नो कामकारवाही कानूनसम्मत ढंगले सम्पन्न गर्नुपर्दछ, आफूले चाहेअनुसार होइन । आफूले लिइसकेको २०६० सालदेखिको परीक्षाको समयमा नतिजा प्रकाशन नगरी सहभागी भएका उम्मेद्‌वारलाई लामो समयसम्म विपक्षीले अन्यौलमा राखेको पाइयो । जुन उचित र कानूनसम्मत् कार्य होइन । यथासमयमा परीक्षाको नतिजा प्रकाशित नगरी त्यसै राख्नु र सोसँग सम्बन्धित कागजात समेत फेला नपर्नु नितान्त गैरजिम्मेवारीपूर्ण र लापरवाहीपूर्ण कार्य गरेको देखिन्छ । यस्तो कार्य विपक्षीहरूको पदीय कर्तव्य र मर्यादाभन्दा बाहिरको देखिन आउँछ । यसबाट उपयुक्त समयमा छिटोछरितो किसिमले पदपूर्ति नभएबाट एकातिर कार्यालयमा जनशक्तिको अभावले दैनिक कार्यसञ्चालन सुचारू हुन सकेको हुँदैन भने अर्कोतर्फ प्रतिष्पर्धी उम्मेद्‌वारहरूमध्ये सफल उम्मेद्‌वारले नियुक्ति पाई सार्वजनिक सेवा गर्न पाउने हकबाट बञ्चित भई परीक्षामा सहभागी भएकाहरू तनावपूर्ण अवस्थामा रहिरहने अवस्था आउने ।

आफूले कानूनबमोजिम विज्ञापन प्रकाशन गरी विज्ञापित पदको लागि लिखित र मौखिक परीक्षा सञ्चालन गरिसकेपछि त्यसको नतिजा प्रकाशन गर्नुपर्दछ । अथवा, उक्त प्रक्रियामा अनियमितता वा गैरकानूनी क्रियाकलाप भएको रहेछ भने कानूनसम्मत कारण र आधार स्पष्टसँग आफ्नो निर्णयमा उल्लेख गरी बदर गर्नुपर्ने हुन्छ । विपक्षीहरूबाट त्यस्तो आधारसंगत कामकारवाही भए गरेको पाइएन । एउटा ऐनद्वारा गठित स्वशासित निकायले त्यसो गर्न पाइने

होइन, आफ्नो जिम्मेवारी एवं कानूनबमोजिमको कर्तव्यको समयमै निर्वाह गर्नुपर्ने ।
इजलास अधिकृतः चुरामन खड्का
कम्प्युटरः प्रेमबहादुर थापा
इति संवत् २०६८ बैशाख २० गते रोज ३ शुभम् ।

- यसै प्रकृतिको २०६४ सालको रिट निवेदन नं. ०४८९, उत्प्रेषणयुक्त परमादेश समेत, *रामेश्वर घिमिरे* वि. *जिल्ला विकास समितिको कार्यालय रामेछाप समेत* भएको मुद्दामा यसैअनुसार आदेश भएको छ ।

५

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको दे.पु.नं. ०३२५, करारबमोजिम रकम दिलाई पाऊँ, *पद्मज्योति वि. स्टील रोलिङ्ग प्रा.लि. काठमाडौं, मुकाम ल.पु.उ.म.न.पा.वडा नं. २ बल्खु सानेपा समेत*

करारीय प्रकृतिको विवादमा हानि पुग्ने पक्षले क्षतिपूर्ति पाउने कानूनी हक रहन्छ भने सामान्य लेनदेनको व्यवहार वा तमसुकको हकमा मात्र साँवा ब्याज भराउन मिल्ने हुन्छ । लिखतको प्रकृतिमा नै विवाद खडा भएमा उक्त लिखतको प्रकृतिको आधारमा नै सो लिखतको कानूनी हैसियतको निर्धारण हुन्छ । व्यापारिक प्रकृतिको करारीय लिखत र सामान्य लेनदेनसम्बन्धी लिखतको स्वरूपमा पनि भिन्नता हुन्छ । यस अवस्थामा सो मिति २०५६।२।१६ को कागजातलाई तमसुकको कागज मान्नु करारीय प्रकृतिको कागज हो भनी मान्नुपर्ने ।

इजलास अधिकृतः बिमल पौडेल
कम्प्युटरः अमिररत्न महर्जन
इति संवत् २०६८ साल बैशाख २५ गते रोज १ शुभम् ।

६

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** ०६३-WO-१२०२, उत्प्रेषणयुक्त परमादेश, *कृष्णराज श्रेष्ठ वि. सावित्री जोशी समेत*

कुनै पनि फैसलाको यथाशीघ्र कार्यान्वयन हुनु आफैमा अत्यन्त महत्वपूर्ण एवं आवश्यक कार्य हो । अदालतले फैसला गर्दै जाने तर त्यस्तो फैसलाको कार्यान्वयन नहुने हो भने सो कार्यले केवल दण्डहीनतालाई प्रश्रय दिन पुग्दछ र न्याय व्यवस्था प्रभावहीन बन्न पुग्दछ । फैसला कार्यान्वयनको चरणमा उक्त कार्यान्वयनलाई रोक्ने उद्देश्यसाथ पेश भएका निवेदनहरूलाई फैसला कार्यान्वयन गर्ने जिम्मेवारीकै सेरोफेरोमा हेर्नुपर्ने ।

नियमित न्यायिक प्रक्रियाअन्तर्गत अन्तिम भएको फैसलाको कार्यान्वयन कार्यलाई असाधारण अधिकारक्षेत्रमार्फत् हस्तक्षेप गर्दै जाने हो भने फैसला कार्यान्वयन कार्य झन् चुनौतीपूर्ण एवं अनिश्चित हुनजान्छ । तह-तह अदालतबाट फैसला भै अन्तिम भएको फैसलाको कार्यान्वयनमा प्रत्यक्ष असर पार्ने र जसरी भए पनि त्यसमा बिलम्ब गर्ने गराउने योजना र उद्देश्यका साथ दायर भएको रिट निवेदनको हकमा धेरै विवेचना हुन आवश्यक नदेखिने ।

इजलास अधिकृतः बिमल पौडेल
कम्प्युटरः सुदिप पंज्ञानी
इति संवत् २०६८ साल बैशाख २५ गते रोज १ शुभम् ।

७

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६४ सालको रिट निवेदन नं. ०६६६, उत्प्रेषणयुक्त परमादेश, *लक्ष्मण विश्वकर्मा वि. लीलाबहादुर फुयाल समेत*

रिट निवेदकले जुन धनमाल मुद्दामा बेरीतपूर्वक म्याद तामेल भयो भनी जिकीर लिएका छन् तत्सम्बन्धमा विचार गर्दा सो मुद्दामा शुरू जिल्ला अदालतबाट भएको फैसला पुनरावेदन अदालत, पाटनबाट मिति २०६५।९।८ मा उल्टी भई वादीको धनमाल दिलाई पाऊँ भन्ने दावी नपुग्ने गरी फैसला भएको देखिन्छ । सो फैसलाउपर वादी लीलाबहादुर फुयालको यस अदालतमा मिति २०६६।३।१० मा ०६५-CI-०८४४ को पुनरावेदन परी विचाराधीन रहेको पाइन्छ । सो विचाराधीन मुद्दाबाट नै यी निवेदकको हकमा जारी भई तामेल भएको उल्लिखित मितिको म्याद रीत बेरीत के छ भन्ने कुराको निर्णय पनि हुन सक्ने अवस्था देखिएको छ । अर्कोतर्फ पुनरावेदन अदालतबाट भएको फैसला नै सदर भएमा यी निवेदकको हकमा कुनै प्रतिकूल दायित्व थपिन जाने अवस्था पनि देखिँदैन ।

यसरी उल्लिखित विचाराधीन मुद्दाबाट नै म्याद रीत बेरीतको सम्बन्धमा बोलिने वैकल्पिक उपचारको अवस्था विद्यमान रहेको हुँदा प्रस्तुत रिट क्षेत्रबाट तत्सम्बन्धमा प्रवेश गरी हेर्ने र प्रमाणको

मूल्याङ्कन गर्नुपर्ने अवस्था नभएकोले मागबमोजिमको आदेश जारी गर्न नपर्ने ।

इजलास अधिकृतः चुरामन खड्का

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६८ साल बैशाख २१ गते रोज ४ शुभम् ।

८

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या.श्री तर्कराज भट्ट,** ०६६-CI-०९४१, जोत नामसारी, *सरिता श्रेष्ठ राजभण्डारी समेत वि. कान्छी थापा मगर*

मोहियानी हक सर्ने सम्बन्धमा व्यवस्था गरिएको भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) मा यस परिच्छेद्को अन्य दफाहरूको अधीनमा रही मोहीले कमाई आएको जग्गामा मोहीसम्बन्धी निजको हक निजपछि निजको एकासगोलका पति, पत्नी, छोरा, छोरी, आमा, बाबु, धर्मपुत्र धर्मपुत्री, छोरा, बुहारी, नाति, नातिनी, नातिनी बुहारी, दाजुभाइ वा दिदी बहिनीहरूमध्ये जग्गावालाले पत्याएको व्यक्तिलाई प्राप्त हुनेछ भन्ने व्यवस्था गरिएको देखिन्छ । उल्लिखित व्यवस्थाअनुसार दर्तावाल मोही शिवबहादुर थापा मगरका भाइ कृष्णबहादुर थापा मगरले आफ्नो दाजुको मोहियानी हक प्राप्त गर्न सक्ने नै देखिन्छ । मोहियानी हक नामसारी नगराएको कारणले नै सो हक समाप्त नहुने र आफ्नो पतिले प्राप्त गर्ने मोहियानी हक पतिको शेषपछि पत्नीले पाउने नै हुँदा कान्छी थापा मगरले मोहियानी हक प्राप्त गर्न सक्ने देखिन्छ । उक्त दफामा प्रयुक्त जग्गावालाले पत्याएको व्यक्ति भन्ने वाक्यांशको आसय एकभन्दा बढी हकवाला भएको अवस्थामा हकवालाहरूमध्ये एकजनालाई जग्गाधनीले पत्याउनु पर्ने भन्ने हो । हकवाला एकमात्र भएको हो वा हकवलाहरूमध्ये एकजनाले मात्र दावी गरेको अवस्थामा निजलाई मोहीमा पत्याउन नसक्ने जग्गाधनीको अधिकार नरहने भन्ने ऐनको व्यवस्था हो । यसरी प्रस्तुत मुद्दामा यी वादी कान्छी थापा मगर मात्र दर्तावाल मोहीको एकमात्र हकवाला देखिएकोले एकमात्र दावीकर्ता हकवालाको हैसियतले मोहियानी हक वादी कान्छी थापा मगरले पाउने ।

इजलास अधिकृतः श्रीप्रकाश उप्रेती

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६७ साल चैत २५ गते रोज ६ शुभम् ।

- यसै लगाउको ०६६-CI-०९४०, जोत लगत कट्टा, *सरिता श्रेष्ठ राजभण्डारी समेत वि. कान्छी थापा मगर* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

९

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या.श्री तर्कराज भट्ट,** ०६६-CI-०९००, मोही लगत कट्टा, कायम, *दलबहादुर थापा मगर वि.चक्रबहादुर खड्का*

विवादित जग्गाका साविक जग्गाधनी मुकुन्दप्रसाद शर्मा र प्रस्तुत मुद्दाका प्रत्यर्थी/प्रतिवादी चक्रबहादुर खड्काको बीचमा पुरावेदन अदालत, पाटनमा चलेको संवत् २०५० सालको नि.नं. ५४४ को निषेधाज्ञा मुद्दामा सो अदालतबाट मिति २०५१।१।२१ मा भएको फैसलामा प्रतिवादी चक्रबहादुर खड्का विवादित जग्गाको मोही भएको भनी जग्गाधनीले स्वीकार गरेको देखिन्छ । यसबाट उक्त जग्गाका साविकका जग्गाधनीले मोही भनी स्वीकार गरेको अवस्थामा सोही जग्गाधनीबाट उक्त जग्गाको स्वामित्व प्राप्त गर्ने हालका जग्गाधनीले समेत उक्त तथ्यलाई मान्नुपर्ने हुन्छ । विवन्धनको सिद्धान्तअनुसार हालका जग्गाधनीले साविकका जग्गाधनीले कि.नं. २३० को जग्गाको सम्बन्धमा आधिकारिक रूपमा व्यक्त गरेको तथ्य वा भनाइलाई अस्वीकार गर्न नमिल्ने ।

साविकमा जग्गाधनी मुकुन्दप्रसाद शर्मा र प्रतिवादी चक्रबहादुर खड्काको बीचमा पुनरावेदन अदालत पाटनमा चलेको सम्बत् २०५९ को दे.पु.नं. १७७३ को बाली भराई निष्काशन मुद्दामा मोही चक्रबहादुर खड्काबाट दावीबमोजिम बाली भराई पाउने तर मोही निष्काशन नहुने ठहरी भूमिसुधार कार्यालयबाट मिति २०४७।४।८ मा भएको फैसला सदर हुने ठहरी पुनरावेदन अदालत, पाटनबाट भएको फैसला भइसकेको छ, जुन मितिमा अन्तिम रूपले कायम छ । सो फैसला समेतबाट यी प्रतिवादी विवादित जग्गाको साविकदेखिको मोही रहेको भन्ने देखिने ।

इजलास अधिकृतः श्रीप्रकाश उप्रेती

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६७ साल चैत २५ गते रोज ६ शुभम् ।

१०

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६७-CI-०५५९, मोही बेदखली, *देवबिक्रम शाह वि. कृष्णमान श्रेष्ठ*

कुनै पनि मोहीले आफ्नो मोहियानी हकभित्रको जग्गा कमाउन, जोतभोग गर्न पाउने मोहीको कानूनी अधिकार हो। यस्तो अधिकारमा सोही जग्गाको जग्गाधनीले समेत बेदखल गर्न पाउने हुँदैन। मोहीको लगत कट्टा गर्नुपर्ने अवस्था पर्न गएमा कानूनबमोजिम जग्गाधनीले कारवाही चलाउनु पर्ने हुन्छ, तर मोही हक कायम रहेसम्म सो हकको विपरीत हुने गरी जग्गाधनीले कुनै कार्य गर्नु भूमिसम्बन्धी ऐन, २०२१ विपरीत हुन जाने।

इजलास अधिकृतः श्रीप्रकाश उप्रेती
कम्प्युटरः रानु पौडेल
इति संवत् २०६७ साल फागुन २० गते रोज ६ शुभम्।

- यसै लगाउको ०६७-CI-५६०, भगुवा मोही कट्टा, *देवबिक्रम शाह वि. कृष्णमान श्रेष्ठ* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ।

११

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** ०६७-WO-००९५, उत्प्रेषण/परमादेश, *कर्णबहादुर थापा समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

निवेदकहरूले आफ्नो रिट निवेदनमा साविकको संवैधानिक व्यवस्थाबमोजिम सर्वदलीय संयन्त्रमा आफ्नो दलको समेत प्रतिनिधित्व हुनुपर्ने भनी जिकीर लिन सकेको देखिँदैन। यस्तो अवस्थामा साविकको संवैधानिक व्यवस्थाबमोजिम गठन भएको उक्त संयन्त्रमा निवेदकहरूले प्रतिनिधित्व गर्ने दलको समेत सहभागिता हुनुपर्ने भन्ने देखिन नआउने।

हाल लागू भएको अन्तरिम संविधानको धारा १३९ को उपधारा (२) बमोजिमको राजनीतिक संयन्त्र गठन गर्दा पनि निवेदकहरूलाई समावेश नगरी त्यस्तो संयन्त्र गठन गरिएमा सो उपर कानूनी उपचार खोज्ने हक निवेदकहरूमा सुरक्षित नै रहेको छ। तर सो अनुसारको संयन्त्र गठन भइनसकेको देखिएको अवस्थामा प्रस्तुत रिट निवेदन मागबमोजिम साविकमा गठन भएको सर्वदलीय संयन्त्रलाई अन्यथा गरिरहनु पर्ने देखिन नआउने।

इजलास अधिकृतः श्रीप्रकाश उप्रेती
कम्प्युटरः रानु पौडेल
इति संवत् २०६७ साल चैत २१ गते रोज २ शुभम्।

१२

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** ०६३-WO-०३६३, उत्प्रेषणयुक्त परमादेश, *सन्तोषकुमार बस्नेत वि. प्रहरी प्रधान कार्यालय, नक्साल समेत*

कुनै सरकारी वा सार्वजनिक निकायका कर्मचारीका लागि कानूनमा व्यवस्थित भए पनि आफूले चाहेको बेला, चाहे जति बिदा लिन सक्ने भनी बिदालाई अधिकारको रूपमा कानूनले सुविधा प्रदान गरेको हुँदैन। त्यसमा पनि सुरक्षा निकाय प्रहरी बलको कर्मचारीले थप अनुशासन र आदेश (Command) मा बस्नु पर्नेमा महिनौंसम्मको बिदाको लागि निवेदन पठाउँदैमा तिनको पदीय कर्तव्य पूरा हुँदैन। त्यसकारण निजलाई जहाँ भए पनि खोजी गर्दै निजको हातमै सूचनाहरू नबुझाएबाट प्राकृतिक न्यायविपरीत भयो भन्ने अर्थ गर्न नमिल्ने।

आफू लामो समयसम्म गैरहाजिर भएर बस्ने र पछि आफूलाई समयमा जानकारी दिइएन वा रीतपूर्वकको म्याद तामेल गरिएन भनी भन्नु पनि प्रहरी कर्मचारीको लागि सुहाउँदो र उपयुक्त भएन। आफ्नो अधिकारको खोजी मात्र गर्ने तर आफ्नो पदीय जिम्मेवारी पूरा नगर्ने वा आफ्नो कानूनी महत्वप्रति बेवास्ता गर्दै जाने व्यक्तिको लागि रिट क्षेत्रबाट यस अदालतले मद्दत गर्न नसक्ने।

इजलास अधिकृतः श्रीप्रकाश उप्रेती
कम्प्युटरः रानु पौडेल
इति संवत् २०६७ साल चैत २१ गते रोज २ शुभम्।

## इजलास नं. ८

१

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री अवधेशकुमार यादव,** २०६४ सालको WO-०००६, उत्प्रेषणयुक्त परमादेश समेत, *ओमनारायण प्रसाद गुप्ता वि. स्थानीय विकास मन्त्रालय समेत*

जिल्ला विकास समिति स्थानीय स्वायत्त निकाय भएको र सो निकायले आफ्नो संस्थाअन्तर्गतको पदको पूर्ति स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २१३ मा तोकिएको प्रावधानअनुरूप आफैं

गर्न सक्ने देखिन्छ । सोही प्रक्रिया अवलम्बन गरी पदपूर्ति गर्ने र पदपूर्ति गरिएको पदमा कुनै उम्मेद्वार सफल हुन नसकेकोमा सो विज्ञापन रद्द गरी अर्को परीक्षा सञ्चालन गर्नबाट स्थानीय स्वायत्त शासन ऐन नियमावलीको रोक लगाएको नदेखिँदा पदपूर्ति समिति, जिल्ला विकास समिति बाराले गरेको विज्ञापन नं. १७/०५८।०५९ को पदमा आवेदन गर्ने निवेदक समेतका कुनै पनि प्रतिस्पर्धी सहभागी उत्तीर्ण नभएकोमा सोको सूचना प्रकाशित गरी साविक विज्ञापन रद्द गर्ने गरेको निर्णय गैरकानूनी नदेखिने ।

जिल्ला विकास समिति बाराद्वारा आह्वान गरेको वि.नं. १७।०५८।०५९ को कार्यक्रम अधिकृतको पदको लिखित परीक्षाबाट कुनै पनि उम्मेद्वार उत्तीर्ण हुन नसकेको व्यहोराको सूचना गोरखापत्रमा मिति २०६४।२।११ गते प्रकाशित भई उक्त विज्ञापन रद्द भएको देखिएकाले दावीबमोजिम लिखित परीक्षा प्रकाशित भएको छैन भन्ने निवेदकको जिकीरबमोजिम रिट जारी गर्नुपर्ने नदेखिने ।

इजलास अधिकृतः दुर्गाप्रसाद भट्टराई

इति संवत् २०६७ साल चैत १५ गते रोज ३ शुभम् ।

२

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री अवधेशकुमार यादव,** २०६६ सालको WO-११९६, उत्प्रेषण, परमादेश समेत, *रत्नमणि भट्टराई वि. लोकसेवा आयोग, केन्द्रीय कार्यालय समेत*

बढुवाको दरखास्तसाथ प्रमाणित गरी पेश गर्नुपर्ने योग्यताको प्रमाणपत्र बढुवाको उजूर परेपछि मात्र जारी गराई पेश गरेको र सो पत्रमा नै श्रेणीको आधिकारिकताका बारेमा आफ्नो आधिकारिक संस्थासँग सम्पर्क गर्न अनुरोध समेत गरेको देखिँदा सो प्रमाणपत्रले कानूनी मान्यता प्राप्त गर्ने नदेखिने ।

त्रिभुवन विश्वविद्यालय वा नेपालका अन्य विश्वविद्यालयले निर्धारण गरेको श्रेणी वा सोसम्बन्धी नीतिअनुसारको श्रेणी कायम हुने कानूनी व्यवस्था भएकाको र त्रिभुवन विश्वविद्यालयद्वारा प्रकाशित पुस्तिकामा निवेदकले प्राप्त गरेको अङ्क (Score) द्वितीय श्रेणीभित्र पर्ने देखिएकोले निवेदकले पेश गरेको श्रेणी नखुलेको शैक्षिक योग्यताको प्रमाणपत्रलाई द्वितीय श्रेणी कायम गर्ने गरेको लोकसेवा आयोगको निर्णय नं. ३१९ मिति २०६७।१।१३ को निर्णय कानूनसम्मत् देखिएकोले उक्त निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरिरहनु पर्ने विद्यमानता नदेखिने ।

इजलास अधिकृतः दुर्गाप्रसाद भट्टराई

इति संवत् २०६८ साल बैशाख १३ गते रोज ३ शुभम् ।

३

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री गिरीश चन्द्र लाल,** २०६७-CR-०६५६, लागू औषध, (ब्राउन सुगर) *रोशन गुरुङ वि. नेपाल सरकार*

स्नातक तहमा अध्ययन गर्दै गरेको युवा अवस्थाको व्यक्ति समाजमा व्याप्त रहेको कुसंस्कारमा फसी कुलतमा लाग्न सक्ने कुरालाई नकार्न सकिँदैन । लागू औषध ऐन, २०३३ ले लागू औषधको सेवनलाई कसूर कायम गरी सेवनलाई समेत आपराधिक कार्यमा समेटी सो कार्य नियन्त्रण गर्नु समेत उक्त ऐनको मकसद रहेकोमा विवाद हुन सक्दैन । उक्त ऐनले लागू औषधसँग सम्बन्धित प्रायसः सबै कार्य (Act) लाई कसूर मानेको छ तापनि उक्त ऐनले कसूर मानेका हरेक कार्य कसूर कायम हुन तथ्ययुक्त, वस्तुनिष्ठ एवं स्वतन्त्र प्रमाणबाट पुष्टि पनि हुनुपर्दछ । यसका लागि बरामदको अवस्था, स्थान, लागू औषधको परिमाण, अरू व्यक्तिको संलग्नता, अभियुक्तको पृष्ठभूमि आदि जस्ता अवस्था र कुराहरू पनि मनन् गर्नुपर्दछ । यी प्रतिवादी BBA मा अध्ययनरत् रहेको, होटलमा लागू औषध सेवनका लागि प्रयोग गरिने सामग्रीसहित पक्राउ परेका, ८ ग्राम मात्र लागू औषध फेला परेको, बिक्री वितरण गर्ने ढक तराजु जस्ता सामग्री बरामद नभएको खरीद गर्ने अन्य कोही व्यक्ति फेला नपरेको, यो यस व्यक्तिलाई बिक्री गरेको भन्ने नदेखिएको र सेवन गरेको जस्तो अवस्थामा पक्राउ परेको भन्ने स्थिति विद्यमान रहेको देखिने ।

इजलास अधिकृतः अशोककुमार बस्नेत

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६८ साल जेठ १७ गते रोज ३ शुभम् ।

४

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६७-CI-०३९७, अंश दर्ता, *श्रीमती सोनावती देवी समेत वि. दुखि पण्डित*

अंशबण्डा हुनु अगावै एक अंशियारले आफ्नै श्रीमतीलाई बकसपत्र गरी दिएको अवस्था हुँदा यसरी दानबकस गरी दिँदा मुलुकी ऐन, दानबकसको महलको

१ नं. बमोजिम सगोलका अंशियार भाई दुखी पण्डितको मञ्जूरी लिएको देखिँदैन । सगोलको अर्को अंशियारको हक लाग्ने सम्पत्ति श्रीमतीलाई बकसपत्रद्वारा हक छाडी दिँदा कानूनबमोजिम त्यस्तो अंशियारको मञ्जूरी लिनपर्नेमा सो लिएको नदेखिँदा त्यस्तो बकसपत्रबाट पाएको सम्पत्ति बण्डा नलाग्ने भन्न मिल्ने देखिन आएन । यसैगरी कि.नं. ३३४ मिति २०५३।२।११ मा रामचलितर राउतबाट राजीनामा गरी लिएको र लिखतमा दाइजोको रकम बुझिलिई बिक्री गरेको छु भन्ने व्यहोरा उल्लेख गरेको देखिन्छ । राजीनामाबाट खरीद गरिलिएको उपरोक्त जग्गाको लिखतमा दाइजोको रकम बुझिलिई बिक्री गरिदिएँ भनी कैफियत व्यहोरा लेखाएको भए तापनि दाइजोको सम्बन्धमा अन्य वस्तुनिष्ठ प्रमाण पेश गर्न सकेको नपाइँदा एकासगोलमा रहेको अवस्थामा अंशियारको श्रीमतीका नाममा आई कायम रहेको सम्पत्ति प्रमाण ऐन, २०३१ को दफा ६ को खण्ड (क) समेतले सगोलको नै मान्नुपर्ने ।

इजलास अधिकृतः अशोककुमार बस्नेत

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६८ साल जेठ १८ गते रोज ४ शुभम् ।

## इजलास नं. ९

१

**मा.न्या. श्री अवधेशकुमार यादव र मा.न्या. श्री प्रकाश वस्ती,** २०६६ सालको दे.पु.नं. ०६६-CR-०१९४, कर्तव्य ज्यान, *शिवनारायण रावत वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीसँग मृतकको प्रेम सम्बन्ध रहेकोमा सो दिन साँझ झगडा भै कुटपीटसम्म भएको अवस्था देखिन्छ । तत्पश्चात् खाना खाई पुनरावेदक र मृतकसँगै सुतेको स्थिति छ । यस्तो अवस्थामा यी दुबैबीच साँझ भएको झैझगडा तथा कुटपीट हुँदा मृतक भुइँमा लडेको र केही समयपछि होसमा आएको अवस्था छ । पुनरावेदक प्रतिवादीको मृतकलाई मार्नेसम्मको मनसाय रहेको पनि देखिँदैन । दुबै जनाबीच ज्यान लिनु पर्नेसम्मको पूर्व रिसइवी पनि देखिँदैन । यी पुनरावेदकले लुकी चोरीकन ज्यान मार्ने मनसायले हानेको अवस्था पनि छैन । कुनै जोखिमी हतियारले हानेको वा विष खुवाएको अवस्था पनि छैन । उसै मौकामा उठेको कुनै कुरामा रिस थाम्न नसकी झैझगडा भै कुटपीटसम्म भएको र सोही चोट पीरले मृतकको मृत्यु हुन गएको अवस्थामा ज्यानसम्बन्धी महलको १४ नं. आकर्षित भै १० वर्ष कैदको सजाय हुने ।

इजलास अधिकृतः हेमबहादुर सेन

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६७ साल चैत ९ गते रोज ४ शुभम् ।

२

**मा.न्या. श्री अवधेशकुमार यादव र मा.न्या. श्री प्रकाश वस्ती,** २०६७ सालको दे.पु.नं. ०६६-CR-०६४७, जबर्जस्ती करणी, *कृष्ण अधिकारी वि. नेपाल सरकार*

पीडितले लेखाई दिएको घटना विवरण कागज र पीडितले आफ्नो आमाको रोहबरमा अदालतमा आई गरेको बकपत्रमा समान किसिमले लेखाई दिएको अवस्था देखिन्छ । वारदातको तत्काल पछि पीडितकी आमा आई के भयो भनी आफ्नो छोरीलाई सोधपुछ गर्दा छोरीले आफूलाई कृष्ण दाई आई ढोका बन्द गरी खाटमा लडाई मेरो कट्टु खोली आफ्नो समेत कट्टु खोलेर लिङ्ग निकाली सु गर्नेमा घोची दिनुभयो, मलाई दुःखेकोले रोएको र रू. १।- दिई मम्मीलाई नभन्नु भनी फकाएको भनी छोरीले भनेको कुरा व्यक्त गरेकी छन् । यसका अतिरिक्त भाग्न खोज्दा हारगुहार गरी कृष्णलाई पक्राउ गरी प्रहरीसमक्ष बुझाएको हो भनी पीडित तथा जाहेरवालीले मौकामा तथा अदालतमा आई बकपत्र गर्दा समेत लेखाई दिएको अवस्था छ । अभियुक्त आफैंले अधिकारप्राप्त अधिकारीसमक्ष र अदालतमा आई स्वतन्त्रतापूर्वक बयान गर्दा समेत आफूले पीडितलाई जबर्जस्ती करणी गरेको कुरामा स्वीकार गर्दै लिङ्ग पूरै नघुसेको, रू. १।- पीडितलाई दिएको भन्ने लगायतका पीडितले भनेका कुराहरूसँग हुबहु समर्थित हुने गरी बयान गरेको अवस्था छ । यी पुनरावेदकले पीडितलाई जबर्जस्ती करणी नगरेका भए ७ वर्षकी कलिलो उमेरकी बालिकाले यिनलाई अनावश्यक रूपमा पोल गर्नुपर्ने अवस्था थिएन । साथै पुनरावेदकले पीडित बालिकालाई जबर्जस्ती करणी नगरेको भए अधिकारप्राप्त अधिकारी र अदालतमा आई स्वतन्त्रतापूर्वक बयान गर्दा समेत नगरेको कार्यलाई गरेको भनी बयान गर्नुपर्ने अवस्था रहने थिएन । स्वयं प्रतिवादीले नै अदालतमा आई स्वतन्त्रतापूर्वक गरेको बयानको प्रकरण ७ मा मेरो लिङ्ग बालिकाको योनीभित्र

छिरेन भनी उल्लेख गरेको आधारबाट पनि निजले लिङ्गको केही भाग बालिकाको योनीमा प्रवेश गराएको भन्ने स्पष्ट रूपमा देखिन आयो । यसरी हेर्दा पनि निजले बालिकालाई जबर्जस्ती करणी गरेका रहेनछन् भन्न सकिने अवस्था देखिन नआउने ।

इजलास अधिकृतः हेमबहादुर सेन

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६७ साल चैत ९ गते रोज ४ शुभम् ।

३

**मा.न्या. श्री अवधेशकुमार यादव र मा.न्या. श्री प्रकाश वस्ती,** २०६७ सालको स.फौ.पु.नं. ०६६-CR-०६५१, २०६७ सालको साधक नं. ००८१, कर्तव्य ज्यान, *धनकुमार राई वि. नेपाल सरकार, नेपाल सरकार वि. धनकुमार राई*

अ.बं. १८८ को प्रयोग गरिमाग्ने कुरा पुनरावेदनको विषयवस्तु बन्न नै सक्दैन । यो अदालतले वारदातको अवस्था, परिस्थिति र प्रकृति तथा प्रतिवादीको वाध्यता, व्यवहार र निरीहतालाई हेरेर तजवीजको प्रयोग गर्ने कानून हो । सावित भई अनुसन्धानमा सहयोग गर्नु अ.बं. १८८ नं. को प्रयोग गर्ने एउटा आधार बन्न सक्दछ । तर, साविती नै यो कानून प्रयोग गरी सजाय घटाई दिन निरपेक्ष आधार होइन । प्रतिवादीको कार्यमा देखिने क्रूरता र अपराधका पछाडिको योजनावद्ध मानसिकताले अ.बं. १८८ नं. को प्रयोगको अवस्था नदेखिने ।

प्रतिवादीले पूर्व योजना बनाई घरबाट हिँड्दा नै साथमा खुकुरी जस्तो धारिलो जोखिमी हतियार लिई गएको र सोही खुकुरीले आफ्नो श्रीमतीलाई सुतेको स्थानमै ब्युँझिन नपाउँदैका अवस्थामा हानी काटी मारेको देखिँदा यस्तो जोखिमी हतियारले मानिस मस्त निदाएको अचेत अवस्थामा झुक्याई हानी काटी मारेकोमा अ.बं. १८८ नं. को प्रयोग गरी कम सजाय गर्नुपर्ने अवस्थाको विद्यमानता देखिन नआउने ।

इजलास अधिकृतः हेमबहादुर सेन

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६७ साल चैत ९ गते रोज ४ शुभम् ।

४

**मा.न्या. श्री अवधेशकुमार यादव र मा.न्या. श्री प्रकाश वस्ती,** २०६७ सालको स.फौ.पु.नं. ०६६-CR-०६५८, CR-०६५९,गैंडा मारी खाग बिक्री व्यवसाय गरेको, *तोरामबहादुर बजू वि. नेपाल सरकार, गादर पुर्जा मगर वि. नेपाल सरकार*

समग्र रूपमा हेर्दा घटनास्थल प्रकृति मुचुल्का मृत गैंडाको लास जाँच मुचुल्का मौकाको कागज तथा सर्जमीन मुचुल्का, अधिकारप्राप्त अधिकारीसमक्ष प्रतिवादीहरूले गरेको बयान, निजहरूको सिलसिलेवार रूपमा कहिले, कुन कुन क्षेत्रमा, कतिवटा गैंडा मारेको कहाँ कहाँ लगेर बेचेको, रकम बाँडी लिनुदिनु गरेको, साल महिना र गतेसम्मका कुरा, गैडाको खाग उसिनेका कुरा, जंगलमा गोले माइलीले खाना बनाई खुवाउने गरेका कुरालगायतका तथ्य क्रमबद्ध रूपमा मिलाई प्रतिवादीहरूले व्यक्त गरेको पाइन्छ । सम्बद्ध तथा तथ्यगत प्रमाणहरूका आधारमा यी प्रतिवादीहरू गैंडा मार्ने पेशेवर शिकारी रहेछन् भन्ने कुरा स्पष्ट रूपमा देखिन आयो । यसरी हेर्दा प्रतिवादीहरूले गैंडा मारी खाग बिक्री व्यवसाय गर्ने गरेको कुरा उल्लिखित प्रमाणहरूबाट पुष्टि हुन आउने देखिन्छ । निजहरूको साविती अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि पनि भइरहेको छ । यस्तो अवस्थामा यी प्रतिवादीहरूले गैंडा मारेका रहेनछन् निर्दोष रहेछन् भनी मान्न नमिल्ने ।

इजलास अधिकृतः हेमबहादुर सेन

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६७ साल चैत ९ गते रोज ४ शुभम् ।

५

**मा.न्या. श्री अवधेशकुमार यादव र मा.न्या. श्री तर्कराज भट्ट,** २०६७ सालको दे.पु.नं. CI-०२७७, अंश दर्ता, *काशीप्रसाद कुशवाहा वि. गया महतो कोइरी*

प्रतिवादी गया महतोले मुनरी कोइरिनबाट शेषपछिको बकसपत्र पाई हाल कायम भएका कि.नं. ११३, ४६ र ७० का जग्गाहरू दाता मनरीको २०४२ सालमा मृत्यु भएपश्चात् शेषपछिको बकसपत्र लिखत क्रियाशील भै लिखतबमोजिमको सम्पत्तिमा पाउनेको हक कायम हुने भै देखियो । अर्कोतर्फ उक्त जग्गाको सम्बन्धमा गया महतो कोइरी वादी नथुनीप्रसाद कोइरी समेत प्रतिवादी भई चलेको २०५६ सालको दे.पु.नं. ८४ को दर्ता बदर दर्ता मुद्दामा सर्वोच्च अदालत पूर्ण इजलासबाट मिति २०६०।५।२६ मा उक्त जग्गाहरूमा वादी गया महतो कोइरीको हक कायम हुने गरी भएको फैसला अन्तिम भै बसेको अवस्था मिसिलबाट देखिन्छ । प्रस्तुत मुद्दाका वादीले

शेषपछिको बकसपत्रबाट प्रतिवादीले प्राप्त गरेको सम्पत्ति समेत बण्डा हुनुपर्दछ भन्ने जिकीर लिए पनि उक्त सम्पत्ति सर्वोच्च अदालतको मिति २०६०।५।२६ को फैसलाबमोजिम उक्त कि.नं. का जग्गाहरूमा शेषपछिको बकसपत्रबाट प्राप्त गरबस्केको नाताले गयाप्रसाद महतोको हक कायम हुने भनी निर्णय भएको अवस्था देखिन आयो । प्रतिवादी गया महतोले २००७।५।११ मा शेषपछिको बकसपत्र प्राप्त गरेको भए पनि बकसपत्र दाता मुनरी देवीको २०४२ सालमा मृत्यु भएपछि मात्रै दान बकसको ५ नं. बमोजिम लिखतबमोजिमको जग्गामा गयाप्रसाद महतोको हक कायम भएको देखिनाले २०२६ सालमा ७ नं. फाँटवारी भर्दा र मुलुकी ऐन सातौं संशोधन हुनुपूर्व २०३४ साल पहिले प्राप्त भएको बकसपत्रको सम्पत्ति सबै अंशियारको भाग लाग्ने भनी पुनरावेदक वादीले लिएको जिकीर कानूनसंगत नदेखिने ।

इजलास अधिकृतः भोलानाथ ढकाल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६८ साल जेठ ११ गते रोज ४ शुभम् ।

## इजलास नं. १०

१

**मा.न्या. श्री गिरीश चन्द्र लाल र मा.न्या. श्री प्रकाश वस्ती,** २०६७ सालको दे.पु.नं. CI-०४५०, परमादेश, *विजय सिँह भण्डारी वि. मालपोत कार्यालय, कञ्चनपुर समेत*

निवेदकले आफ्नो हकभोग स्वामित्वमा रहेको सम्पत्ति रजिष्ट्रेशन पारीत गर्न सम्बन्धित रजिष्ट्रेशन गर्ने अड्डा गएको अवस्थामा सो कार्य गरिदिन इन्कार गरेको आधारको अभावमा पारीत नगरी देला भन्ने अनुमानका भरमा यो रिट निवेदन दायर हुन आएको पाइयो । निवेदकले निवेदन दिई रिट जारी भई सम्बन्धित कार्यालयमा सोअनुसार लेखी गइसकेको अवस्थामा रूप परिवर्तन गरी पुनः रिट जारी गर्न परेको प्रस्तुत निवेदनबाट पुनः आदेश जारी गर्न मिल्ने नदेखिएको हुँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः भोलानाथ ढकाल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६८ साल असार ९ गते रोज ५ शुभम् ।

२

**मा.न्या. श्री गिरीश चन्द्र लाल र मा.न्या. श्री प्रकाश वस्ती,** २०६५ सालको दे.पु.नं. CI-०४८९, निषेधाज्ञा, *दीर्घबहादुर लामिछाने वि. खगेन्द्र सुवेदी समेत*

निवेदकले यो यस्तो प्रकारको धरपकड, धाकधम्की, दिने कार्य विपक्षीहरूबाट भएको भनी तथ्यगत रूपमा खुलाउन सकेको देखिएको छैन भने विपक्षीहरूको लिखित जवाफबाट समेत त्यस प्रकारको आशंकाको विद्यमानता नभएको अवस्थामा निषेधाज्ञाको आदेश जारी हुन सक्ने होइन । यसको साथसाथै वैदेशिक रोजगारका सम्बन्धमा कानूनबमोजिम उजूर लिई अनुसन्धानको कारवाही गर्न सक्ने प्रत्यर्थी श्रम तथा रोजगार प्रवर्द्धन विभागमा विद्यमान कानूनअनुरूप परेको जाहेरी दरखास्तअनुसार अनुसन्धान तहकीकात समेतको कार्य गर्न सक्ने सक्षम निकायबाट भइरहेको कामकारवाहीलाई प्रभावित पार्ने गरी निवेदक मागबमोजिमको आदेश जारी गर्न नपर्ने ।

इजलास अधिकृतः भोलानाथ ढकाल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६८ साल असार ९ गते रोज ५ शुभम् ।

३

**मा.न्या. श्री गिरीश चन्द्र लाल र मा.न्या. श्री प्रकाश वस्ती,** २०६४ सालको दे.पु.नं. CI-०५१९, निषेधाज्ञा, *सुरेश निरौला वि. जिल्ला प्रशासन कार्यालय, इलाका प्रशासन शाखा धरान समेत*

द रेयुकाई नेपालले गर्ने कार्यहरू र युराशिया १९ औं शाखाबाट गर्ने कार्यहरू एकै प्रकारको भएको र प्रधान कार्यालय र अनुदान दिने संस्था पनि एउटै भएकोले १ अप्रिल २००६ देखि अब गरिने कार्यहरू युराशिया मुख्य कार्यालयमार्फत् गरिने गरी भएको मिति २०६२।१२।१७ को साधारणसभाको पारीत प्रस्तावमा उल्लेख भएको र उक्त निर्णयमा धरान शाखाका अध्यक्ष मोहन श्रेष्ठ समेतले हस्ताक्षर गरेको समेत अवस्था पेश भएको निर्णयको प्रतिलिपिबाट देखिएको छ । यसरी दुबै संस्थाबीच कार्य गर्ने सम्बन्धमा भएको समझदारीअनुरूप नै युराशिया रेयुकाई १९ औं शाखाले एम्बुलेन्स सञ्चालन गरेको देखिन्छ । अर्कोतर्फ बा.२ च ६८७० नं. को एम्बुलेन्स रेयुकाई हेडक्वाटर नेपालका नाममा दर्ता रहेको देखिन्छ । यसरी केन्द्रीय कार्यालयमा दर्ता रहेको एम्बुलेन्स साधारणसभाबाट निर्णय

भएबमोजिम युराशिया रेयुकाई १९ औं शाखाले सञ्चालन गर्न नपाउने अर्थ गर्न मिल्ने देखिएको छैन भने निवेदक संस्था रेयुकाई नेपाल धरान शाखाका नाममा दर्ता भएको नपाइएको यस अवस्थामा निषेधाज्ञाको आदेश जारी गर्न नमिल्ने ।
इजलास अधिकृतः भोलानाथ ढकाल
कम्प्युटरः अमिररत्न महर्जन
इति संवत् २०६८ साल असार ९ गते रोज ५ शुभम् ।

४

**मा.न्या. श्री गिरीश चन्द्र लाल र मा.न्या. प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६७ सालको साधक नं. ०६७-RC-००९४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. रीता दमाई*

मृतक धनबहादुर दमाई धारिलो हतियारले घाँटीको मुख्य धमनी काटिएर अत्याधिक रक्तस्राव भई मृत्यु भएको भन्ने शव परीक्षण प्रतिवेदनबाट देखिन्छ । प्रतिवादीले उक्त वारदात घटाउँदा प्रयोग भएको बञ्चरो समेत वारदातस्थलबाट बरामद भएको अवस्थामा बञ्चरोसहित लोग्नेलाई धकेली दिएको मात्र हो बञ्चरो प्रहार गरेको होइन भन्ने प्रतिवादीको अदालतको इन्कारी बयान मिसिल संलग्न कुनै कागज प्रमाणद्वारा समर्थित भएको नदेखिँदा प्रतिवादीको अदालतमा भएको केवल इन्कारी बयानकै भरमा निज प्रतिवादी निर्दोष हुन् भनी अनुमान गर्न नसकिने ।

मृतक र प्रतिवादीबीच तत्काल उठेको रिसइवीबाट आपसी विवाद भई प्रस्तुत वारदात घट्न गएको तथा प्रतिवादीले मृतकलाई ज्यान मार्ने सम्मको रिसइवी लिएको नदेखिनुको अलावा ज्यान मार्ने मनसाय समेत रहेको देखिँदैन । प्रतिवादीले अनुसन्धानको क्रममा स्पष्ट रूपमा घटना वारदातलाई स्वीकार गरी बयान गरी न्यायिक प्रक्रियालाई सहयोग गरेको देखिएको र निजको उमेर तथा निजउपर एक छोरा, चार छोरी समेत आश्रित रहेका बालबालिकाहरूको अवस्था र भविष्य समेतलाई ध्यानमा राख्दा निज प्रतिवादीलाई सर्वश्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्ने देखिँदा मुलुकी ऐन, अ.वं १८८ नं. अनुसार मात्र पाँच वर्ष कैद हुने ।
इजलास अधिकृतः ध्रुवराज त्रिपाठी
कम्प्युटरः चन्द्रा तिमल्सेना
इति संवत् २०६८ साल असार १७ गते रोज ६ शुभम् ।

५

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री वैद्यनाथ उपाध्याय,** २०६६ सालको CR-०३६९, गैंडा मारी खाग खरीद बिक्री, *बमबहादुर प्रजा वि. नेपाल सरकार*

जुटपानी गा.वि.स. को खगेडी गुन्द्रे मान्द्रे चौरमा गैडा मारी खाग काटी लगी बिक्री गरेको भन्ने घटनास्थल प्रकृति मुचुल्काबाट देखिएको र उक्त गैंडा मार्ने कार्यमा यी पुनरावेदक प्रतिवादी बमबहादुर प्रजा मुख्य रूपमा संलग्न थिए भन्ने कुरा निजको साविती बयान, सहअभियुक्तहरूको पोल तथा बुझिएका अन्य सबूद प्रमाणबाट कसूर पुष्टि हुन आएको अवस्थामा निजलाई अभियोग दावी अनुसार सजाय हुने ।
इजलास अधिकृतः अशोककुमार बस्नेत
इति संवत् २०६७ साल चैत २ गते रोज ४ शुभम् ।

६

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री वैद्यनाथ उपाध्याय,** २०६६ सालको CR-०२२७, सरकारी कागज कीर्ते, *नेपाल सरकार वि. रीता सिँह राजपुत समेत*

अनुमानको भरमा कसैलाई दोषी कायम गर्न मिल्ने हुँदैन । यस फौजदारी मुद्दामा शंकाको सुविधा अभियुक्तले पाउने नै हुन्छ । सरकारी कागज कीर्ते गरेको भन्ने तथ्य स्थापित हुन नसकेको हुँदा प्रतिवादीहरूले सफाइ पाउने ।
इजलास अधिकृतः भोलानाथ ढकाल
कम्प्युटरः धनबहादुर गुरुङ
इति संवत् २०६७ साल फागुन १० गते रोज ३ शुभम् ।

७

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री वैद्यनाथ उपाध्याय,** २०६६ सालको CR-०३९१, कर्तव्य ज्यान, *मोहन भन्ने मनबहादुर जोगी वि. नेपाल सरकार*

१८८ नं.को व्यवस्थाले न्यायकर्तालाई सर्वश्वसहित जन्मकैद वा जन्मकैद गर्नुपर्ने भएको मुद्दाका कसूरदारको हकमा मात्र लागू गर्न सकिने विशेष अधिकार प्रदान गरेको पाइन्छ । यो व्यवस्था अपराधीलाई क्षमादान गर्ने वा अपराधीप्रति सहानुभूति वा दयाभाव दर्शाएर सजाय कम गर्ने व्यवस्था होइन । अ.बं. १८८ नं. ले निर्धारित गरेको पूर्वावस्थाको परिधिभित्र रहेर ऐनको उद्देश्यअनुरूप मात्र सजायमा कमी गर्न सक्ने न्यायकर्ताको विशेष तजबीजी अधिकार हो । यो दफा अपराधीहरूको सुविधानुसार

प्रयोग गरिने र अपराधीलाई कानूनले निर्धारित गरेको सजायबाट छूट पाउने गरी क्षमा प्रदान गर्ने व्यवस्था होइन । अपितु अपराध गर्दाको अवस्था, परिस्थिति र वारदातको प्रकृतिका साथै अभियुक्तको शारीरिक, मानसिक र पारिवारिक पृष्ठभूमि समेत विचार गर्दा ऐनद्वारा निर्धारित सजाय अपराधको तुलनामा अत्याधिक भई न्यायपूर्ण नहुने भएमा मात्र विशेष न्यायिक विवेकको प्रयोगबाट अपराध र सजायमा अदालतले न्यायिक सन्तुलन कायम गर्ने ।

श्रीमतीले यौन सम्पर्क गर्न नदिएको कारण यौन कुण्ठाबाट ग्रसित भएका प्रतिवादीले श्रीमती निदाएको मौका छोपी श्रीमतीकै सलले घाँटी कसी मारेको, पूर्व रीसइवी रहेको नदेखिएको र निजको उमेर तथा पारिवारिक पृष्ठभूमिलाई समेत दृष्टिगत गर्दा मुलुकी ऐन, अं.बं. १८८ नं. बमोजिम राय व्यक्त गरी निज प्रतिवादीलाई १५ वर्ष कैद सजाय हुने ठहर गरेको रायलाई अन्यथा गरी कम सजाय ५ वर्षको राय लगाउनु पर्ने स्थिति नरहने

इजलास अधिकृतः अशोककुमार बस्नेत

इति संवत् २०६७ साल चैत २ गते रोज ४ शुभम् ।

८

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री वैद्यनाथ उपाध्याय,** ०६५-CI-०४६८, नापी दर्ता बदर खिचोला, *मुन्द्रीकादेवी ब्राह्मणी वि. महालक्ष्मी देवी ब्राह्मणी*

मुलुकी ऐन, दण्ड सजायको ४३ नं. मा मुद्दा फैसला भई पुनरावेदनको उजूरको म्याद नाघेपछि जायजातबाट भराउने बिगोबाहेक फैसलाबमोजिम चलन पाउने वस्तु चलन गर्न जादा नदिएमा भन्ने व्यहोरा रहेको हुँदा यदि वादीले फैसलाबमोजिम आफ्नो हक कायम भएको जग्गामा विपक्षीको कुनै बाधा विरोधबिना घरसारमा नै निर्विवाद भोगचलन गर्न पाएको अवस्थामा चलन चलउनेतर्फ कारवाही नचलाई भोग गर्न पाउने व्यवस्था विद्यमान भएको हुँदा त्यसतर्फको प्रतिवादीको जिकीर तर्कसंगत नभएको बिनाविवाद भोगचलन गर्न पाएपछि चलन हटकतर्फ उजूरी गर्नुपर्ने भन्ने अवस्था नै नआउने ।

अदालतबाट भएको फैसलाबमोजिम वादीले व्यवहारतः घरसारमै भोगचलन गरेको तर पछि गएर प्रतिवादीले पुनः सोही जग्गा शहरी क्षेत्रभित्र नयाँ नापी हुँदाको अवस्थामा वादीको जानकारी बेगर आफ्नो नाममा दर्ता गराई खिचोला गरेको देखिँदा २०२५ सालको दे.नं. ५७४ को जग्गा खिचोला मुद्दाबाट हक स्थापित भई फैसलाबमोजिम हक स्थापित भएको तथा भोग समेत भएको वादीको जग्गामा आफ्नो हकै नपुग्ने जग्गालाई नापी कार्यालयले प्रतिवादीको नाउँमा जग्गा दर्ता गरिदिएको आधारमा जग्गा खिचोला गरी भोगचलन गर्दैमा वादीको हक समाप्त हुने देखिँदैन । भोगमा अवरोध गरेको मितिमा जग्गा खिचोलाको उजूर गर्न पाउने ।

प्राकृतिक न्यायको सिद्धान्तअनुसार जसको विरूद्ध प्रमाण लाग्ने हो निजलाई जानकारी प्रत्यक्ष रूपमा नदिएको अवस्थामा हदम्याद जानसक्ने होइन । मुद्दाको पुर्पक्षको लागि पक्षको तर्फबाट वारेस बसेको मुद्दामा फैसला भइसकेपछि त्यस्तो वारेसको प्रयोजन समाप्त हुन जान्छ । त्यसरी विवादको अन्त्य भएपछि वारेसले पत्र बुझेको हुँदा विवादको अन्त्य भएपछि बुझेको पत्रको आधारमा हदम्याद जान नसक्ने ।

इजलास अधिकृतः गेहेन्द्रराज रेग्मी

कम्प्युटरः सुन्दरबहादुर कार्की

इति संवत् २०६८ साल जेठ २ गते रोज २ शुभम् ।

९

**मा.न्या. श्री प्रकाश वस्ती र मा.न्या. श्री कमलनारायण दास,** २०६६ सालको WO-०५७१, परमादेश, *ईन्द्रबहादुर ठकुरी वि. रूवेल चौधरी समेत*

कुनै पनि व्यक्तिले गैरकानूनी कार्य गरेमा त्यस्तो गैरकानूनी कार्यउपर कानूनद्वारा निर्दिष्ट गरिएका निकायमा जाहेरी दिनुपर्ने वा तोकिएको कानूनी प्रक्रिया अवलम्बन गर्नुपर्ने हुन्छ । निवेदकले विपक्षी रूबेल चौधरीउपर कुनै निकायमा जाहेरी वा उजूरी लिएर गएकोमा त्यस्तो निकायले जाहेरी दर्ता गर्न इन्कार गरेको भनी जिकीर लिन सकेको पाइदैन । निवेदनमा उल्लिखित विषयवस्तुको उचित उपचार नै जाहेरी दरखास्त हो । कुनै व्यक्ति वा निकायले कानूनले तोकेको कर्तव्य पालना नगरेको अवस्थामा मात्र परमादेश जारी हुने हो, तर निवेदकले आफू वा अरू कसैले रूबेल चौधरीको काम कारवाहीउपर जाहेरी दरखास्त लिएर कुनै निकायमा गएको भनी जिकीरसम्म पनि लिन नसकेको अवस्थामा निवेदन मागबमोजिम परमादेशको आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान

नहुँदा निवेदन मागबमोजिम परमादेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।
इजलास अधिकृतः कृष्णप्रसाद पौडेल
कम्प्युटरः अमिररत्न महर्जन
इति संवत् २०६८ साल बैशाख १५ गते रोज ५ शुभम् ।

१०

**मा.न्या. श्री प्रकाश वस्ती र मा.न्या. श्री कमलनारायण दास,** २०६६ सालको WO-०६१२, परमादेश, *सुवोधमान नापित वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

स्वेच्छाले विदेशमा गै बसेको अवस्थामा आफू बसेको देशको कानूनले अपराध घोषित गरेको कार्य गरी सम्बन्धित देशको कारागारमा कैदको सजाय भोगिरहेका व्यक्तिहरू आफूलाई तोकिएको कैद सजाय भुक्तान भैसकेपछि नेपालमा फर्की आउन सक्ने अवस्था रहने र कैद भुक्तानपश्चात् निजहरूले संविधानप्रदत्त मौलिक हकको उपभोग गर्न सक्ने नै हुँदा विदेशको कारागारमा रहेका कैदीहरूको मौलिक हक हनन् भएको भन्ने निवेदकको भनाई कानूनसंगत नदेखिने ।

हङकङ तथा अन्य मुलुकमा कैदमा रहेका नेपालीहरूलाई नेपालमा ल्याउनु पर्ने विषय सरकारको कार्यपालिकीय निर्णयको आधारमा निर्धारित हुने कुरा भई कानूनले बाध्य नपारेको दायित्वसम्बन्धी विषय भएको हुँदा निवेदन मागबमोजिम परमादेशको आदेश जारी गर्नुपर्ने विद्यमान रहे भएको पाइएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।
इजलास अधिकृतः कृष्णप्रसाद पौडेल
कम्प्युटरः अमिररत्न महर्जन
इति संवत् २०६८ साल बैशाख १५ गते रोज ५ शुभम् ।

११

**मा.न्या. श्री प्रकाश वस्ती र मा.न्या. श्री कमलनारायण दास,** २०६२ सालको फौ.पु.नं. ३१८७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. सिँहेश्वर सदा समेत*

वारदात संयोगबश नघटेको, पहिला कुटपीट गरेपछि पछिबाट लाठीले टाउकोमा प्रहार नगरेको भए बाँच्न सक्ने सम्भावना थियो । तर उत्तेजनामा आई चोटमाथि चोट छाडिएको प्रमाणबाट पुष्टि हुन्छ । जग्गाको सामान्य विवादमा आपसी सहमतिबाट विवादको निप्टारा गरी परिणाम टार्न सक्ने स्थितिमा सोको बेवास्ता गर्दै चार जना बलिष्ठ व्यक्तिले एक वृद्ध व्यक्तिमाथि कुटपीट गरेको परिणति अवध यादवको ज्यान गएको देखिँदा प्रस्तुत वारदातलाई ज्यानसम्बन्धी महलको ५ नं. मा वर्णित अन्तरवस्तुको अभावमा भवितव्यको वारदात भन्न नमिल्ने ।

एक पक्षले अर्को पक्षको कुनै खास व्यक्तिलाई मार्ने गरी पूर्व रिसइवीका साथ योजना बनाएको देखिदैन । पीडित र प्रतिवादी पक्षबीच जग्गासम्बन्धी विवाद रहे पनि वारदातको दिन प्रतिवादीहरूले अवध यादवलाई मार्ने योजना र तयारीसाथ पूर्व नियोजित ढंगले आएको अवस्था छैन । यस्तो अवस्थाको वारदातलाई ज्यानसम्बन्धीको १३ नं. द्वारा परिभाषित गरिएको निवतवश वा मनसायपूर्वक गरिएको हत्याको संज्ञा दिन मिल्ने नभई यो ज्यानसम्बन्धीको १४ नं. अन्तर्गतको वारदात भएको स्पष्ट देखिने ।
इजलास अधिकृतः दीपक ढकाल
कम्प्युटरः चन्द्रा तिमल्सेना
इति संवत् २०६८ साल जेठ २४ गते रोज ३ शुभम् ।

१२

**मा.न्या. श्री भरतराज उप्रेती र मा.न्या. श्री कमलनारायण दास,** २०६६ सालको रिट नं. ०६६-WO-१०९५, उत्प्रेषणयुक्त परमादेश, *धनवीर ओली वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

निवेदकलाई नेपाल सरकार (मन्त्रिस्तर) को मिति २०६५।९।२९ को निर्णयानुसार रूकुम अस्पताल विकास समिति (गठन) आदेश, २०६२ को दफा ३(२)(क) बमोजिम २ वर्षको लागि रूकुम अस्पताल विकास समितिको अध्यक्ष पदमा मनोनयन गरेकोमा मिति २०६७।९।२८ गते दुई वर्षको पदावधि व्यतीत भइसकेको हुँदा प्रस्तुत रिट निवेदनमा निवेदकले माग गरेबमोजिम आदेश जारी गर्नुको औचित्य नै समाप्त भइसकेको देखिँदा रिट निवेदकको मागबमोजिम आदेश जारी गरिरहनु नपर्ने ।
इजलास अधिकृतः शिवप्रसाद खनाल
कम्प्युटरः धनबहादुर गुरुङ
इति संवत् २०६८ साल असार ५ गते रोज १ शुभम् ।

१३

**मा.न्या. श्री वैद्यनाथ उपाध्याय र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६३-CR-०७०३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. मोटे वि.क.*

केवल अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा सहअभियुक्तले मात्र पोल गरेको र सो पोल बाहेक वादी पक्षले प्रतिवादी मृतक रासनारायण पासवानलाई मार्ने कार्यमा संलग्न थिए भन्ने कुनै पनि प्रमाण गुजार्न नसक्नुको अतिरिक्त अन्य स्वतन्त्र प्रमाणबाट यी प्रतिवादीले कसूर गरेको भन्ने तथ्य शंकारहित तवरबाट पुष्टि हुन नसकेको यस्तो स्थितिमा कर्तव्य ज्यान जस्तो गम्भीर अपराधमा सजाय गर्नु न्यायसंगत हुन आउँदैन । फरार रहनु र सहअभियुक्तले अधिकारप्राप्त अधिकारीसमक्ष पोल गर्नु मात्र कसूरदार कायम गर्न सक्ने ग्राहय प्रमाण हुन सक्दैन, अन्य स्वतन्त्र प्रमाणबाट कसूरदार हो भनी मान्न सकिने तथ्य स्थापित हुनपर्दछ । तसर्थ प्रतिवादी कसूरदार हुने भनी तथ्ययुक्त एवं वस्तुनिष्ठ प्रमाणको अभाव रहेको देखिएकोले प्रतिवादी मोटे वि.क. उपरको अभियोग दावी प्रमाणित हुन नसक्ने ।

इजलास अधिकृतः अशोककुमार बस्नेत

इति संवत् २०६७ साल फागुन ३० गते रोज २ शुभम् ।

१४

**मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की र मा.न्या.श्री कमलनारायण दास,** २०६७ सालको ०६७-CR-०२२९, वैदेशिक रोजगार ठगी, *अक्कलबहादुर गुरुङ वि. नेपाल सरकार*

प्रतिवादीले अदालतको बयानमा श्रम तथा रोजगार प्रवर्द्धन विभागमा गरेको मिति २०६५।९।७ को मिलापत्रको कागज राजीखुशीले कानून व्यवसायीको रोहबरमा भएको भनी उल्लेख गरेको समेत पाइन्छ । प्रतिवादीको उक्त वयान व्यहोराबाट पनि जाहेरवालाहरू र प्रतिवादीका बीच वैदेशिक रोजगारमा पठाउने शर्तमा रकम लेनदेनको कारोवार भएको पुष्टि हुन आउँछ । यी पुनरावेदक प्रतिवादीले करकापपूर्ण तवरबाट कागज गराइएको भनी काठमाडौं जिल्ला अदालतमा करकाप मुद्दा दायर गरेकोमा काठमाडौं जिल्ला अदालतबाट वादी दावी पुग्न नसक्ने ठहर भई मिति २०६६।९।३० मा फैसला भएको तथ्य प्रमाणको रूपमा पेश हुन आएको उक्त मुद्दाको सक्कल मिसिलबाट देखिन्छ । उक्त फैसलाउपर प्रतिवादीले पुनरावेदन गरेको देखिँदैन । जाहेरवालाहरूको जाहेरी व्यहोरा मिति २०६५।२।५ को प्रतिवादीले गरिदिएको लिखत, मिति २०६५।९।७ को संयुक्त निवेदन व्यहोरा, जाहेरवालाको बकपत्र समेतबाट पुष्टि भएको छ । उल्लिखित प्रमाण एवं मिति २०६५।२।५ को लिखत करकापपूर्ण तवरबाट नभएको काठमाडौं जिल्ला अदालतको अन्तिम भइरहेको फैसला समेतबाट अक्कलबहादुर गुरुङले इजाजतपत्र नलिई रोजगार व्यवसाय गरेको देखियो । प्रतिवादीको उक्त कार्य वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० विपरीत भएको र ऐ. ऐनको दफा ४३ ले निर्दिष्ट गरेबमोजिम वैदेशिक रोजगारमा पठाई नसकेको अवस्थामा प्रतिवादी अक्कलबहादुर गुरुङलाई १ वर्ष ६ महिना कैद र रू. १,५०,०००।- जरीवाना हुने साथै मिति २०६५।९।७ को संयुक्त निवेदन व्यहोराअनुसार जाहेरवालाहरूले रू. २,५०,७५०।- रकम बुझिसकेको देखिदा बाँकी रू. १६,४९,२५०।-बिगो र सोको ५० प्रतिशत हर्जाना समेत प्रतिवादीहरूबाट जाहेरवालाहरूले भरिपाउने ।

प्रतिवादी अक्कलबहादुर गुरुङको उपचारको क्रममा मिति २०६७।७।३० मा मृत्यु भएको भन्ने देखिँदा मुलुकी ऐन, दण्ड सजायको ३ नं. मा जरीवाना कैद वा विशौद लागेको मानिस सो असूल नहुँदै मऱ्यो भने ऊ मरेपछि माफ हुन्छ भन्ने कानूनी व्यवस्थाबमोजिम मृतक पुनरावेदक प्रतिवादी अक्कलबहादुर गुरुङलाई ठहर भएको कैद र जरीवाना माफी हुने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल

कम्प्युटरः धनबहादुर गुरुङ

इति संवत् २०६८ साल असार १ गते रोज ४ शुभम् ।